२०५८
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

# सहमति सन्देश

त्रैमासिक

वर्ष ८, अङ्क १, पूर्णाङ्क २८ (Year 8, Vol. 1, Issue 28 ) श्रावण-असोज, २०६९ / July-Sept. 2012, SAHAMATI SANDESH

# लोकतन्त्र मजबुतीकरण विशेषाङ्क

## संस्थागत कुरा



"लोकतन्त्र" को मजबुतीकरण अहिलेको आवश्यकता हो । आजको २१ औं शताब्दीमा लोकतान्त्रिकरणको लहर एक महत्वपूर्ण विश्वव्यापी लहरको रुपमा रहेको छ । सामान्यत लोकतान्त्रिकरण भन्नाले अलोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकमा समेत उदार लोकतान्त्रिकरणको प्रक्रियाको थालनी हुनु र मौलिक मानवीय अधिकार, मूल्य, मान्यताको सम्मान र विश्वव्यापी लोकतन्त्रिकरण करण मूल्य र मान्यतालाई आदर गर्नु भन्ने अर्थ लाग्दछ । विश्वव्यापी लोकतान्त्रिक मूल्य र मान्यता अन्तर्गत संयुक्त राष्ट्र संघ जस्ता अन्तराष्ट्रिय संघसंस्थाद्वारा प्रतिपादन गरिएका मौलिक मानवीय अधिकार, स्वतन्त्रता आदिको सम्मान, प्रतिस्पर्धात्मक आवधिक निर्वाचन, समावेशी लोकतन्त्र, स्वतन्त्र न्यायपालिका, समानता/समान अवसर, वहुमतको शासन र अल्पमतको सम्मान, स्वतन्त्र संचार माध्यम, राजनैतिक संस्कारको विकास, सामाजिक र आर्थिक न्याय, कानूनी शासन, सार्वभौमसत्ता जनतामा निहित, सक्षम नागरिक समाज, दलीय व्यवस्था जस्ता विविध कुरा समावेश छन् ।

लोकतन्त्रको संस्थागत विकासमा उत्तरदायी सरकार र जवाफदेही नागरिक हुनु प्रमुख आवश्यकता हो । भनिन्छ, मूल धमिलो भएपछि सफा पिउने पानी प्राप्त गर्न गाह्रो हुन्छ । त्यसैगरी जग वा धरातल कमजोर भयो भने ठूला ठूला पूर्वाधारहरु वा हिमालय पर्वत श्रृङ्खलामा समेत संकट उत्पन्न हुन जान्छ । लोकतन्त्र र सुशासनको विकास भनेको माथितिर बग्ने एउटा नदी हो । जुन अत्यन्तै चुनौतीपूर्ण पनि छ । यद्यपी मुहान अर्थात् जग/धरातलको शुद्धिकरण र मजबुतिकरण लोकतान्त्रिक मुल्य, मान्यता र सिद्धान्तलाई बलियो बनाउने प्रमुख कार्यहरुमा पर्दछन् ।

हामी नेपालीहरुले अझै पनि उल्लेखित विषयहरुमा संवेदनशील भएर नीति र व्यवहारमा एकरुपता ल्याएनौं भने हाम्रो भविष्य अन्धकार छ । कतै हामी अध्यारो सुरुङ्ग मार्गतर्फ त यात्रा गरीरहेका छैनौ ? हामीसँग अझै पनि थुप्रै अवसर र सम्भावनाहरु वरिपरी घुमिरहेका छन् । लोकतन्त्र र सुशासनको नेपाली राष्ट्रिय सुगन्धलाई सम्मान गर्न नसकेर हामी कतै मृत तृष्णा जसरी अन्यौलमा दौडिरहेका त छैनौ ? हामी "लोकतन्त्र म सम्म" भन्ने तथ्यलाई अब चिर्दै लोकतन्त्र "माथीदेखि तलसम्म" भन्ने व्यवहारिकतालाई अगिकार गर्न सक्नु अहिलेको प्रमुख चुनौती हो ।

लोकतन्त्रको मर्मलाई आत्मसात यदि साँच्चिकै हामीहरु गर्न तयार हो भने परिवर्तन आफैबाट शुरु गरौं । सुन्दर, समृद्ध, शान्त राष्ट्र निर्माणको अभियानमा निर्णायक एवं उल्लेखनीय योगदान गर्न समयमै आफूलाई समर्पित गरौं । लोकतन्त्र र सुशासनको मन्त्रलाई आफ्नो जीवन पद्धतिसँग अन्तस्करण गरौं ।

**करुणा सागर सुवेदी**
अध्यक्ष एवं कार्यकारी निर्देशक

## सहमति आचार संहिता

- सहमतिको परिकल्पनालाई आत्मसात गर्दै समुदाय केन्द्रीत कार्य गर्ने गराउने ।
- संस्थागत गोपनियताप्रति सचेत बन्ने, बनाउने ।
- सहमति परिवारबीच प्रगाढ, सुमधुर र व्यवहारिक सम्बन्ध स्थापना गर्ने ।
- सहमति टिमबीच एक आपसमा प्रोत्साहित गर्ने वातावरण सिर्जना गर्ने ।
- लैंगिक तथा समावेशी संवेदनशिलतालाई आत्मसात गर्ने ।
- धार्मिक, दलगत, जातीय, वर्ण विशेषसँग पूर्वाग्रह हुने स्वभावका कार्य नगर्ने ।
- तत्काल, उचित यथास्थानमा सकारात्मक पृष्ठपोषण दिने तथा लिने ।
- खर्चमा मितव्ययिता अपनाई बचत गर्ने बानीलाई अझै बढी प्रभावकारी बनाउने ।
- समुदायलाई परनिर्भर हुने प्रकृतिका कार्य नगर्ने ।
- खण्डिकरण तथा ध्रुवीकरण हुने खालका काम वा गतिविधि नगर्ने ।
- समुदायमा नकारात्मक हिसाबले प्रभावित हुने खालका कुनैपनि क्रियाकलापहरु नगर्ने ।
- मिलनसार हुने, आफ्नो काम प्रसन्न मुद्रामा गर्ने, गराउने तथा सन्तुष्टी लिने ।
- समुदायमा जाँदा धुम्रपान तथा मध्यपानदेखि टाढै रहने ।
- सहमतिभित्र र समुदायमा यौनजन्य शोषण हुने कुनैपनि कार्य नगर्ने ।
- आर्थिक सु-शासनमा सधैं जोड दिने ।

## यस भित्र ........

- लोकतन्त्र, समावेशीकरण तथा सामाजिक परिचालन सम्बन्धी लेख-रचना र सफलताका कथाहरु ।
- नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धती सुदृढीकरण परियोजना (एस.डि.आई.पि.पि.) र लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमका झलकहरु

**सहमति सन्देश**

वर्ष–८, अङ्क–१, पूर्णाङ्क–२८

(साउन–असोज २०६९)

**संरक्षक**

करुणा सागर सुवेदी

अध्यक्ष, सहमति

**संकलन तथा संयोजन**

सरोज भुषाल

**सम्पादन टोली**

रत्न प्रसाद सापकोटा– उपाध्यक्ष/सहमति

नारायणी बास्तोला – कोषाध्यक्ष/सहमति

विमला खनाल – सदस्य/सहमति

**विशेष सहयोगी**

होमनाथ सुवेदी – महासचिव

भीमप्रसाद शर्मा – कार्यसमिति सदस्य

**सहयोगी**

हरिप्रसाद सापकोटा

गणेशराज गिरी

पुरुषोत्तम सापकोटा

**कम्प्यूटर**

रीता कुमाल

**प्रकाशन सहयोगी**

RDIF अधिकार, लोकतन्त्र तथा समावेशीकरण कोष

actionaid

**पत्राचार तथा सुझावका लागि**

**सहमति**

गैंडाकोट–५, नवलपरासी

फोन नं. : ०५६–५०२०९०, ५०२३७३

फ्याक्स : ०५६–५०२२७७

इमेल : sahamati@wlink.com.np

वेभसाइट : www.sahamati.org

**मुद्रण :**

शुभकामना अफसेट प्रेस Shubhakamana Offset Press

शहीदचोक, नारायणगढ, फोनः ०५६–५७१७८५

इमेल : shubhakamana_press@yahoo.com


# सम्पादकीय........

*हामीमध्ये धेरैलाई थाहा छ स्थानीय स्वायत्त शासन ऐन–२०५५ ले स्थानीय निकायहरुलाई अविछिन्न, उत्तराधिकारवाला, स्व–शासित, स्वायत्त र जनप्रतिनिधिमूलक संस्थाका रुपमा स्थापित गरेको छ । सोही अनुरुप स्थानीय सरकारहरुले आफ्नो कार्यक्षेत्रभित्र बसोबास गर्ने समुदायको जीवनस्तरमा सुधार ल्याउन बहुआयामिक प्रयास गरिरहेका छन् र यही नै स्थानीय सरकारको प्रमुख दायित्व पनि हो । आफ्नो समुदाय अन्तर्गतका शैक्षिक संस्था, स्वास्थ्य संस्था, निकाय, साना तथा ठूला घरेलु उद्योग, बाटोघाटो, प्राकृतिक सम्पदाहरुको उचित रेखदेख गर्दै यिनिहरुको उचित स्याहार संभार र सवलीकरण गर्दै लगिएमा नेपालमा रहेका ३९१५ गाउँ विकास समिति र ५८ नगरपालिकाहरुले छिट्टै आफ्नो गाउँको मुहार फेर्न सफल हुने कुरामा कुनै दुईमत देखिदैन ।*

*स्थानीय निकायले निर्वाह गर्नुपर्ने दायित्वलाई होस्टेमा हैंसे गर्न र आफूले गर्नुपर्ने दायित्वबाट पनि पर सर्न खोज्ने गा.वि.स. र नगरपालिका माझ नयाँ सोच, विचार र उर्जासहित हातेमालो गर्न हिजोआज स्थानीय निकायको समन्वयमा विभिन्न कार्यक्रमहरु पनि गरिंदै आएका छन् । यी कार्यक्रमहरु कति नेपाल सरकारकै अगुवाइमा सञ्चालन भएका छन् भने कति विदेशी दातृ संस्था र जिल्लाभित्रका गैरसरकारी संस्थाहरुले सञ्चालन गरेका छन् । यस्ता कार्यक्रमहरुमध्ये सहमति र जिल्ला विकास समितिद्वारा सञ्चालित "स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम" र सहमति र एक्सन एडद्वारा सञ्चालित "लोकतन्त्र मजबुत बनाऔं" कार्यक्रम पनि एक हो । यस्तै राजनीतिक पार्टीभित्रको अन्तरदलीय समन्वय वृद्धि गर्नुका साथै जिल्लास्थित ४ मुख्य सामाजिक संयन्त्रहरु (महिला, दलित, अपाङ्गता भएका र सीमान्तकृत अल्पसंख्यक) लाई विभिन्न नेतृत्व विकास गर्नका लागि सहमति र RDIF को साझेदारीमा सञ्चालित "नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढीकरण परियोजना" हरुले गा.वि.स. र नगरपालिकादेखि जिल्लास्तरसम्मका विभिन्न विषयगत सवाल र स्थानीयस्तरमा नीतिगत पैरवी गर्दै अभियानका रुपमा अगाडि बढिरहेका छन् । जसको उपलब्धि स्वरुप आजभोली समुदायले सुल्झाउन नसकेका गुनासा लिखित रुपमा लिई गाविस आउने, स्वास्थ्य चौकीमा औषधी र जनशक्ति छ, छैनन पहरेदार गर्ने, विद्यालयमा शिक्षाको अवस्था के, कस्तो छ भनि चासो लिने, स्थानीय स्रोत साधनमा सबै वर्ग र तहको पहुँच छ, छैन खोजी, नीति गर्ने जस्ता कुराले समुदाय आफ्नो अधिकार प्रति मात्र हैन दायित्वप्रति पनि उत्तिकै सचेत र संवेदनशील छ भन्ने कुरामा हामी विश्वस्त हुन सक्छौं । यी राम्रा अभ्यासहरुले आवश्यक रहुन्जेल निरन्तरता पाउन भन्नका लागि योजना र विषयवस्तु अनुसारका विज्ञहरुको एक अनुगमन टोली बनाई अनुगमन प्रक्रियालाई अवलम्बन गर्न सकिएमा समुदाय, गाविस एवं नगरपालिकाले थप सहयोग र हौसला पाउने थिए ।*

# सामाजिक परिचालनः एक परिदृष्य

✍ मोहनराज ज्ञवाली
कार्यक्रम अधिकृत
जिल्ला विकास समितिको कार्यालय, नवलपरासी



**पृष्ठभुमी :**

इतिहासलाई केलाएर हेर्दा समाज परिचालनको प्रविधिलाई विभिन्न रुपमा प्रयोग गर्ने चलन नौलो होइन । समय समयमा महापुरुषहरुबाट मानव जातिको ठूलो वर्ग प्रभावित हुने हिसाबले परिचालित भएको पाइन्छ । भिन्दा भिन्दै समयमा भिन्दा भिन्दै उद्देश्य लिएर भिन्दा भिन्दै तरिकाबाट समाजपरिचालन कार्य गरेको पाइन्छ । यस प्रकारका परिचालनको परिणाम कहिले सुखद र कहिले दुखद् हुने गरेको पाइन्छ । तथापि समाजपरिचालन आफैंमा के हो भन्ने विषय प्रष्ट भई सकारात्मक परिर्वतनका लागि प्रयोग गर्नुपर्ने आजको आवश्यकता र अपरिहार्यता भइसकेको छ ।

**अवधारणाः**

सामाजिक परिचालन बहुआयमिक प्रकृतीको हुन्छ । यसको माध्यमबाट समाजका कमजोर वर्ग पिछडिएको जातजाति, लिङ्ग तथा आम गरिवहरुलाई सशक्तिकरणका माध्यमबाट सामाजिक परिवर्तन, व्यक्तिगत र संस्थागत विकास, अस्तित्वमा परिवर्तन, द्वन्द्व निवारण र उत्पादन तथा वितरणमा सहजता ल्याई दिगो विकासलाई स्थिरता प्रदान गर्ने कार्य सम्भव छ भन्ने तर्क समाजशास्त्रीहरुले गर्दैआएका छन् । मानिसहरु भित्र सुषुप्त अवस्थामा रहेको आफैंलाई सहयोग गर्ने भावना र क्षमतालाई उजागर गर्नु सामाजिक परिचालनको प्रमुख उद्देश्य हो । मानिसहरुलाई उनीहरुको भावना र क्षमतालाई उजागर गर्नका लागि उपयुक्त सामाजिक तथा प्राविधिक मार्गदर्शन दिनुपर्ने हुन्छ । समाजमा समन्वयात्मक भावनाले बाँधिएका मानिसहरुलाई समाजकै विकासका लागि कार्यगर्न उत्प्रेरित गर्न सामाजिक परिचालन एक सशक्त र अपरिहार्य माध्यम हो । यसले समाजका गरिब, असहाय तथा बञ्चितिकरणमा परेका समूह तथा वर्गको क्षमता, ज्ञान, सीप विकासका माध्यमबाट उत्पादनमुलक क्रियाकलापमा संलग्न गराउन उत्प्रेरित गर्छ । यसले समाजमा उपलव्ध स्रोतको परिचालन र परिचालनका माध्यमबाट दिगो विकासमा टेवा पुऱ्याउँछ ।

सामाजिक परिचालन सम्बन्धमा NHDR (2001) मा "Social mobilization is a process by which people living in a community are organized in to groups to share and discuss problem to seek solution by mobilizing their own and external resources, and to come more active participants in the decision making process that affect their lives as individuals, households and community" भनिएको छ । त्यस्तै Karl Deutsch नाम गरेका एक विद्वानले भनेका छन् कि "Social mobilization as the process in which major cluster of old social and psychological commitments are eroded or broken and people become available for new pattern of socialization and behaviour" अर्थात सामाजिक परिचालन यस्तो प्रक्रिया हो जसमा मानिसहरुका पुराना सामाजिक, आर्थिक र मनोवैज्ञानिक प्रतिवद्धताका गुजुल्टाहरु खिइन्छन् वा टुट्छन् र उनीहरु समाजिकीकरण र आचरणका नयाँ परिपाटिका लागि तत्पर हुन्छन । विद्वान James Mayfield ले आफ्नो खोजबाट समाज परिचालनको लागि नेतृत्व दिने मुख्य व्यक्ति दर्शन (सिद्धान्त,तर्क), अध्यात्म र प्रशासनमा सिद्ध हस्त रहेको पाइन्छ भनेका छन् । त्यस्तै अर्का विद्वान डा. जेमन येनले आफ्नो ५८ वर्षको अनुभवबाट समाज परिचालनका लागि सवै भन्दा कठीन पक्ष सक्षम, सिर्जनशील, प्रतिवद्ध र आदर्शमय चरित्रवान कार्यकर्ता पाउनु नै हो भनेका छन् ।

नेपालमा समाजिक परिचालन परापूर्वकालदेखि हुँदै आएको छ । अधिकांश विकास कार्यक्रमको अभिन्न अंग भएको सामाजिक परिचालनलाई राष्ट्रिय गरिबी निवारणको लक्ष्यका लागि योगदान गर्ने साधनको रुपमा दशौं पञ्च बर्षिय योजना र त्यस पछिका ३ बर्षिय योजनाहरुले मान्यता प्रदान गरेको पाइन्छ । समाजिक परिचालनको लक्ष्य सशक्तिकरण र सामाजिक रुपान्तरणको प्रक्रिया मार्फत जीविकोपार्जनमा सुधार ल्याउनु तथा सरकारद्वारा उपलव्ध गराउने सेवा र सुविधाको आपूर्तिलाई प्रभावकारी तुल्याई जनजीवनमा सुधार ल्याउनु हो । सामाजिक परिचालनले जनसमुदायलाई आफ्ना कर्तव्य र जिम्मेवारी प्रति बढी सचेत तुल्याउँछ र विशेष गरी विपन्न समूहका लागि विद्यमान सामाजिक वाधा अवरोध हटाउँछ । यसरी नै यसले विपन्न समूहको पहुँच स्थानीय कार्यक्रम, सेवा र विकास कोषमा पुऱ्याउनका लागि आवश्यक सम्बन्ध स्थापना गर्न र आफ्ना निर्दिष्ट मुद्दा, सरोकारका विषय र सबै क्षेत्रका अधिकार सम्बोधन गर्न सहयोग गर्दछ ।

समाज परिचालन गर्ने विधि/तरिकालाई हेर्दा सामाजिक परिचालनलाई २ किसिमबाट हेर्न सकिन्छ ।

१. कारोबारीय सामाजिक परिचालनः संगठन, बचन र सीपको मूल मन्त्रका आधारमा संचालन हुने सामाजिक परिचालन हो । यसले मानिस आर्थिक कारणले गरिब छ भन्ने कुरालाई महत्व दिन्छ ।

२. रुपान्तरणीय सामाजिक परिचालनः Right, Voice & Choice को मूल मन्त्रका आधारमा संचालन हुने सामाजिक परिचालन हो । यसले मानिस आर्थिक कारणले मात्र नभै सामाजिक तथा राजनैतिक कारणले गरिब हुन्छ भन्ने कुरा महत्व दिन्छ ।

**जिल्ला सन्दर्भ:**

विभिन्न गैर सरकारी संस्था तथा अन्य कुनै तवरबाट सामाजिक परिचालनको कार्य भैरहेता पनि सरकारी तवरबाट सहभागितात्मक जिल्ला विकास कार्यक्रम (PDDP), स्थानीय स्वायत्त शासन कार्यक्रम (LGP), DLGSP को सहयोगमा सामाजिक परिचालन भएको पाइन्छ । यस अन्तर्गत स्थानीय विकास कोष मार्फत संचालन भएको गाउँ विकासद्वारा सामाजिक परिचालन गरिएको पाइन्छ । कार्यक्रम जुन कारोबारीय पद्धतिमा आधारित सामाजिक परिचालन हो । जिल्लाका शुरुमा ५ गाविसमा र पछि ५ गाविस थप गरी जम्मा १० गाविसमा यो कार्यक्रम लागू भएको हो । यद्यपी जिल्लामा क्रियाशील अधिकांश गैर सरकारी संस्थाका अधिकांश कार्यक्रम कारोवारीय सामाजिक परिचालनमा आधारित छन् । गाउँ विकास कार्यक्रमको पछिल्लो प्रतिवेदनले जिल्लामा ५ वटा गाविसमा सामुदायिक विकास कोष स्थापना भएको, २२४ वटा सामुदायिक संस्था गठन भएको, ६२६० घरधुरी आबद्ध भएको देखाउँछ । यसले जिल्लाको गरिबी घटाउने कार्यमा महत्वपूर्ण योगदान गरेको पाइएको छ । यसका अतिरिक्त जिल्लामा गाविससँग विशेष कार्यक्रम पश्चिम तराई गरिबी विकास परियोजना, महिला तथा बालबालिका कार्यालयको महिला जागृति कार्यक्रम, कृषि तथा पशुपालन सम्बन्धी समूहहरू, सहकारीहरू मार्फत सामाजिक परिचालनका कार्य भएको पाइन्छ । जिल्लामा क्रियाशील विभिन्न गैर सरकारी संस्थाका विभिन्न परियोजनाहरू मार्फत पनि सामाजिक परिचालनको कार्य भएको छ । पछिल्ला दिनमा आएर गरिबी न्यूनीकरण गर्न आर्थिक पक्षलाई मात्र नभई राजनैतिक सामाजिक लगायतका अन्य पक्षहरूलाई समेत ध्यान दिनुपर्ने कुराले प्रधानता पाएको परिणाम स्वरुप रुपन्तारणीय सामाजिक परिचालनले बढी महत्व पाउँदै गरेको छ । नेपाल सरकाले सन् २००८ देखि कार्यान्वयनमा ल्याएको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) का माध्यमबाट पनि रुपान्तरणीय सामाजिक परिचालन लागु गरेको छ । यो नेपालका ३९१५ गाविस र ५८ वटै नगरपालिका मा लागू भएको छ । तीन चरणमा लागू हुँदै यसले सबै गाविस र नगरपालिकालाई समेटेको छ । नवलपरासी जिल्लाका पनि ७३ वटै गाउँ विकास समिति र रामग्राम नगरपालिकाका १३ वटै वडामा यो कार्यक्रम कार्यान्वयनमा रहेको छ । नगर क्षेत्रमा यसको कार्यान्वयन नगरपालिकाले गर्दछ भने गाउँ विकास समितिहरूमा जिल्ला विकास समितिले १० वटा स्थानीय सेवा प्रदायक संस्था मार्फत कार्यान्वयनमा ल्याएको छ । यसका संरचनात्मक हिसाबले जिल्लास्तरमा जिल्ला सामाजिक परिचालन समिति रहेको छ । त्यस्तै प्रत्येक गाविसका प्रत्येक वडामा बढीमा २५ जनासम्मको समावेशी प्रकृतिको वडा नागरिक मञ्च स्थापना भई क्रियाशील छन् । यिनीहरूले मासिक र त्रैमासिक रुपमा वडाका समस्या/सवालका विषयमा छलफल गर्ने र स्थानीय निकायको योजना तर्जुमा प्रक्रियामा योगदान गर्ने गर्दछन् । गाउँ विकास समिति अनुदान संचालन कार्यविधि २०६७ अनुसार गठन हुने गाविसस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा वडा नागरिक मञ्चले प्रतिनिधित्व गर्दछ । यस मार्फत पारदर्शिता कायम गर्न योगदान गरिहेको पाइन्छ । आ.व. ०६९/७० को योजना तर्जुमा गर्दा जिल्लाका ७३ गाविसका ६५७ वडाका वडा नागरिक मंचले वडा/बस्तीस्तरका भेला गराई बस्तीस्तरको योजना संकलन तथा प्राथमिकीकरण गरी गाउँ विकास समिति र एकिकृत योजना तर्जुमा समितिमा पेश गर्ने कार्य भयो । यसबाट स्थानीय निकायमा निर्वाचित जन प्रतिनिधि नभएको अवस्थामा पनि योजना तर्जुमा प्रक्रियालाई चरणबद्ध रुपमा संचालन गर्न सहज भएको छ । यसका अलावा यस जिल्लालाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्नका लागि सरसफाई सम्बन्धी राष्ट्रिय रणनिती अनुरुप गाविसस्तरमा गाविस स्तरीय सरसफाई तथा स्वच्छता समन्वय समिति रहेका छन् र सो अन्तर्गत वडास्तरमा गठन हुने वडास्तरीय सरसफाई तथा स्वच्छता समितिको कार्य पनि वडा नागरिक मञ्चले गरी खुला दिसा मुक्त अभियानमा टेवा पुऱ्याएका छन् ।

अर्कोतर्फ हरेक गा.वि.स.का वडा/बस्तीलाई गाविस पहुँच नक्सांकनका माध्यमबाट स्तरिकरण गरी निम्नस्तरको विपन्न बस्तीमा स्थापना भएको नागरिक सचेतना केन्द्र (Citizen Awareness Centre) ले उक्त बस्तीका अति विपन्न परिवारका विशेषतः महिलाहरूको सशक्तिकरण गरिरहेको छ । REFLECT को माध्यमबाट सो केन्द्रमा सशक्तिकरण गराउने गरिन्छ । यस विधिबाट उक्त केन्द्रका सहभागीहरूको Right, Voice & Choice प्रबर्द्धन गर्ने कार्य भैरहेको छ ।

यसरी यस कार्यालयले वडा नागरिक मंच (Ward Citizen Forum) को माध्यमबाट स्थानीय निकायको योजना तर्जुमा प्रक्रियामा योगदानका साथै वडा विकासका सरोकार विषयमा सकारात्मक योगदान गरेका छन् भने नागरिक सचेतना केन्द्र (CAC) का माध्यमबाट अति विपन्न समुदायको सशक्तिकरण गरी Right ,Voice र Choice प्रबर्द्धन गर्ने कार्य भैरहेको छ ।

**उपसंहार**

परापूर्व कालदेखि जानेर वा नजानेर पनि प्रयोग हुँदै आएको सामाजिक पारिचालन हालसम्म निरन्तर छ । हालका दिनहरूमा यो विकास क्रियाकलापको अपरिहार्य भैसकेको छ । विभिन्न परियोजनाहरूको अभिन्न अंगका रुपमा स्थापित भएको छ । सामाजिक परिचालनका विभिन्न चुनौतीहरू हुँदाहुँदै पनि उत्तिकै मात्रामा अवसर समेत भएकोले यो विकासको अनिवार्य साधन बन्न सकेको हो । आर्थिक, सामाजिक विकासका माध्यमबाट विपन्न वर्ग र समुदायको मानिसहरूको जीवनस्तरमा सुधार ल्याई समग्र मानवीय विकासका लागि सामाजिक परिचालन एक सशक्त माध्यम बनेको छ । सामाजिक परिचालनका कारोबारीया र रुपान्तरणीय पद्धतीलाई एकीकृत रुपमा संचालन गरे मात्र विपन्न समुदायको सशक्तिकरण भई गरिबी न्यूनीकरण गर्दै दिगो तथा मानवीय विकासमा टेवा पुग्न सक्छ । यस विषयमा सरकारी, गैर सरकारी, निजी क्षेत्र लगायत विकासका सम्पूर्ण सरोकारवालाहरूले ध्यान दिन जरुरी छ । ◆◆◆

# सहमति र समावेशीकरण

✍ विष्णु लामिछाने
सचिव, नेपाली कांग्रेस, नवलपरासी

वी.पी. कोइरालाले भन्ने गर्नु हुन्थ्यो राष्ट्र भनेको कुनै पनि मुलुकको भुगोल मात्र होइन, त्यस भुगोलभित्र पर्ने जनता, उनीहरुले वोल्ने भाषा, उनीहरुले लगाउने भेष भुषा, उनीहरुको रहन सहन, परम्परा, संस्कृती र धार्मिक विविधता पनि हो । जहाँ उक्त कुराको सम्मान हुन्छ यर्थाथमा त्यही नै राष्ट्र हो । त्यसको सम्मान गर्नु यसैलाई माया गर्नु नै राष्ट्रियता हो । नेपालको सन्दर्भमा हेर्ने हो भने हाम्रो मुलुक वहुजातीय, वहुभाषिक, वहुधार्मिक र वहुसांस्कृतीक सम्पदाले भरिपूर्ण देश हो । भूगोलको आधारमा हेर्दा हिमाल, पहाड र तराईको संगम यसको सुन्दरता हो । त्यसैले सिङ्गो मुलुका विकास गर्नु भनेको कुनै एक पक्ष, वर्ग, क्षेत्र, र समुदायको मात्र नभएर समग्र पक्षको विकास गर्नु हो । विभिन्न कारणबाट समाजिक, आर्थिक र राजनितिक वञ्चितिकरणमा परेका महिला, दलित, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अपाङ्ग ,अल्पसंख्यक तथा सिमान्तकृत र विकट दुर्गम क्षेत्र लगाएत पछाडि परेका जनतालाई अगाडि ल्याउने वातावरण तयार गर्दै एकले अर्काको अस्तित्वलाई स्वीकार गर्ने र सम्मान गर्ने अवस्थाको सृजना गर्न सके मात्र समग्रमा मुलुकले कोल्टो फेर्न सक्छ ।

### समावेशीकरण र राजनितिक दल

सार्वजनिक जिम्मेवारीमा पछाडि परेका जनजाति ,भाषा भाषी धर्म र क्षेत्रका समुदाय वा व्यक्तिहरुलाई विभिन्न माध्यमद्वारा राज्यको नीति निर्माण गर्ने र बनेका नीतिहरुको कार्यन्वयन गर्ने तह सम्म पुऱ्याउने कार्य नै समावेशीकरण हो । जबसम्म मुलुकमा सवैले समान आवसर प्राप्त गर्दैनन् तवसम्म मुलुकले फड्को मार्न सक्दैनन्। त्यसैले सर्वप्रथम हाम्रो बीचका अनेकौ विभेदहरुको अन्त्य गर्नतिर लाग्नु पर्छ । यसको लागि तराइमा लगाउने कुर्ता र धोती, पहाडमा लगाउने दौरा सुरुवाल र टोपी तथा हिमालयमा लगाउने वख्खुलाई सबै ठाउँका वासिन्दाले आफनै सम्पति ठानी उचित संरक्षण र सम्मान गर्न सक्नु पर्छ । हिमालयमा बस्नेले तराईको सम्म फाँट हाम्रो हो भन्न सम्नु पर्छ र तराईमा बस्नेले पनि सगरमाथा सहितको सेतो हिमाल हाम्रो हो भन्न सक्नु पर्दछ । त्यसै गरी धर्म संस्कृत परम्परा र भाषालाई पनि सोही रुपमा हेरिनु पर्दछ । तब मात्र नेपाल सबै फूलहरु फुल्ने साझा फूलवारी हुन सक्दछ । भनिन्छ नीतिहरु मध्यको मूल नीति राजनीति हो । लोकतन्त्र व्यवस्थामा राजनीतिक दलहरु मार्फत प्रस्तावित उम्मेदवारहरु मतको माध्यमबाट जनताले आफ्नो प्रतिनिधिको छनौट गर्दछ । जसको माध्यमवाट नीति निर्माण गर्ने र बनेका नीति नियम अनुसार मुलुक सञ्चालन गर्ने गर्दछ । यसरी निर्माण गरिने नीति र कार्यान्वयन गर्ने स्थानमा उक्त वर्ग र क्षेत्रलाई राजनीतिक दलको माध्यमबाट पुऱ्याउनु पर्ने आजको आवश्यकता हो । त्यसो भन्दैमा कुनै पनि राजनीतिक दलले कुनै पनि व्यक्तिलाई टपक्क टिपेर आफ्नो दलको कुनै पनि स्थानमा राख्न सकिंदैन । किनकि राजनितिक विचार, आदर्श र सिद्धान्तको आधारमा चल्दछ । कुनै पनि राजनितिक दलको आफ्नै विधान हुन्छ, आफ्नै प्रकारको नियमावली हुन्छ, र त्यही विधान र नियमावलीको परिधिभित्र रही नेतृत्वमा प्रतिस्पर्धा गरी अगाडि आउन सक्नु पर्दछ । यसको लागि विभिन्न अवस्थाबाट पछाडि परेका वर्ग ,समुदाय र क्षेत्रका व्यक्तिहरुमा इमान्दार मतदाता हुने तर दलमा सक्रीय भुमिका निर्वाह नगर्ने अवस्था देखिएको छ । फलस्वरुप उनीहरु मुलुकमा लोकतन्त्र आएको यतिका समय हुँदासम्म पनि जुन मात्रामा अगाडि आउनु पर्ने हो त्यति आउन नसकेको अवस्था छ । त्यसैले त्यस्ता समुदायलाई अगाडि ल्याउन राज्य र राजनीतिक दलहरुले निम्न काम गर्नु पर्ने देखिन्छ ।



१. चेतना मूलक कार्यक्रमहरु संचालन गर्ने र पैरवी गर्ने ।
२. क्षमता अभिबृद्धिका लागि योजना सहित ठोस राष्ट्रिय रणनीति तयार गर्ने र सोही अनुसार काम गर्ने ।
३. राजनितिक दलहरुले आफ्नो विधान, नियमावली, घोषणा पत्र एवं नीति तथा कार्यक्रमहरुमा लक्षित वर्ग समावेश हुन सक्ने गरी आवश्यक व्यवस्था मिलाउने ।
४. निश्चित अवधिका लागि सकारात्मक विभेदसहितको कार्यक्रम ल्याउने ।
५. सुची तयार गरी विशेष कार्यक्रम संचालन गर्ने ।

### सहमति र समावेशीकरण

यति बेला नवलपरासीका राजनीतिक दलहरु भित्र एक प्रकारको चर्चा परिचर्चा चलिरहेको छ, दलभित्रको लोकतान्त्रिक अभ्यास र समावेशीरणका सम्वन्धमा । सहमति गैंडाकोट र आर.डि.आई.एफ. को साझेदारीमा सञ्चालित एस.डि.आई.पि.पि. परियोजना अन्तर्गत संचालित दल भित्रको लोकतान्त्रिक अभ्यास र समावेशीकरण पद्दती सुदृढीकरण कार्यक्रमले यस जिल्लाका राजनितिक दलहरुसँग सहकार्य एवं समन्वय सहित कार्यक्रम गर्दै आएको छ । सहमति एस.डि.आई.पि.पि. परियोजनाद्वारा संचालित ५ दिने प्रशिक्षक प्रशिक्षण (TOT) पछि जिल्लामा क्रियाशील हरेक राजनितिक दलले समावेशी डेस्कको रुपमा एक उपसमिति बनाएका छन्, जसले दलको अन्य शाखाहरुले जतिकै मान्यता पाएको छ । विशेष गरी यसको काम आफ्नो दलभित्र धेरै भन्दा धेरै लोकतान्त्रिक अभ्यास गराउनु र समावेशीकरणतर्फ लाग्नु हो । यसले हरेक राजनीतिकदलभित्र एक किसिमको तरङ्ग ल्याइदिएको छ । जे होस सहमतिको यस प्रयासले विभिन्न कारणबाट पछाडि परेको वर्ग, समुदायहरुको बीचमा काम गर्ने अवस्था सृजना भएको छ । ◆◆◆

# दलहरुको लोकतान्त्रीकरण र समावेशीकरणको प्रकृयामा आशालाग्दा कुरा

✍ मेघराज गौतम
प्रवन्ध निर्देशक, सामुदायिक रेडियो परासी, नवलपरासी



२१ औं शताव्दीको उच्चतम राजनीतिक व्यवस्थाको रुपमा रहेको लोकतन्त्र नेपालको सन्दर्भमा भने भर्खरै वामे सर्दै अगाडि बढेको राजनीतिक व्यवस्था हो । लोकतन्त्रका आधारभूत मूल्य र मान्यताहरु तथा यसका सिद्धान्तहरुको व्यवहारत पालना गर्नु तथा यसको बैचारिकतालाई अवलम्बन गर्नुलाई नै लोकतान्त्रीकरण भन्न सकिन्छ ।

लोकतान्त्रीकरणभित्र खास गरी मानव अधिकार, विधिको शासन, पारदर्शिता, जवाफदेहिता र सहभागीता जस्ता आधारभूत तत्वहरु पर्दछन् । लोकतान्त्रीक व्यवस्था ल्याउनका लागि नेपालको सन्दर्भमा निकै ठूलो बलिदानी गर्नु परेको हाम्रा सामु यथार्थ छ । तसर्थ पनि यस व्यवस्थाले आम नेपाली र सिंगो नेपालको अग्रगति र प्रगतिमा निकै ठूलो महत्व राख्दछ । भनिन्छ लोकतन्त्रको आत्मा र मुटु भनेकै विधिको शासन हो । विधिको शासन, शासक वा शासकका कुनै पनि प्रतिनिधिले स्वेच्छाचारी ढंगले वा आफ्नो हित रक्षाका लागि मात्र काम नगरी आम नागरिकको हित रक्षाका लागि काम गर्नु हो । शासन गर्नु भनेको कसैको विवेकबाट नभै देशको सिंगो कानूनबाट गर्नु पर्छ किन कि कोही पनि कानून भन्दा माथि हुनै सक्दैन । कानून बमोजिम सबै नागरिकलाई स–सम्मान बाँच्न पाउने अवस्थाको सृजना गर्नु पर्दछ ।

त्यस्तै नेपालमा सयौ बर्षदेखि धर्मको नाममा जातजातिको नाममा वा धनि गरिबको नाममा निकै ठूलो खाडल परेको छ । तत्कालीन राजा महाराजाहरुले आफ्नो सर्वसत्तावादलाई बचाइराख्न र टिकाइराख्नका लागि विभिन्न अनैतिक र अराजनीतिक प्रकृया र पद्दती अंगालेको नेपालको इतिहास छ । ती सबैलाई चिर्दै विभिन्न कालखण्डमा जनताले संचालन गरेका संगठन वा भनौ आन्दोलनले अहिले नेपालमा एक खालको खुलापन सबै जात जाति धर्म संस्कृतिले समान रुपमा अघि बढ्ने अवसर, सम्मानजनक ढंगले आफूलाई विकास गर्ने अवसरका कारण नेपालमा आम रुपमा समावेशीकरण प्रकृयाको थालनी भएको छ । पछिल्लो जल्दो बल्दो उदाहरणलाई हेर्दा संविधान सभाको ६०१ प्रतिनिधिमा भएको विभिन्न जात जातिको पहुँचलाई लिन सकिन्छ । तर सवाल प्रतिनिधि बन्नु वा चुनिनु मात्र नभै पूर्णरुपमा व्यवहारमै समावेशीकरण हुनु पर्दछ भन्ने हो ।

खासगरी महिला, दलित, अपांगता भएका तथा सिमान्तकृत अल्पसंख्यक, पछाडि परेका र पारिएका समुदायलाई राज्यको मूल प्रवाहिकरणमा ल्याउनु आजको मूल आवश्यकता हो । यसै सन्दर्भमा नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतात्रीकरण समावेशीकरण पद्दती सुदृढीकरणका लागि सहमतिले सञ्चालन गरेको कार्यक्रमलाई मैले नजिकबाट हेर्ने अवसर पाएको छु । साथै यसले संचालन गरेका विभिन्न अन्तरक्रिया र तालिमहरुमा पनि सहभागी हुने अवसर पाएको छु । विधि निर्माण गर्ने र सोही विधिको आधारमा शासन गर्ने प्रकृया नै वास्तवमा लोकतान्त्रीकरण हो । नवलपरासी जिल्लाका राजनीतिक दलहरुको कुरागर्दा अन्य जिल्लाको तुलनामा सबै दलको बीचमा एक प्रकारको हार्दिकता, निर्णय प्रकृयामा सुझबुझपूर्ण समझदारी देख्न सकिन्छ । सहमतिकै अध्ययनको आधारलाइ हेर्दा १२ राजनीतिक दललाई केन्द्रीत गरी अध्ययन गरेको पाइन्छ । सबै राजनीतिक दलको जिल्ला कार्य समितिमा १८ प्रतिशत महिला, ७ प्रतिशत दलित ४ प्रतिशत सीमान्तकृत तथा अल्पसंख्यक र १ प्रतिशत अपांगताको सहभागिता रहेको पाइन्छ । राजनीतिक दलका भातृसंगठन पनि नवलपरासी जिल्लामा क्रियाशील छन् र जम्मा ८३ वटा रहेका छन् जसमा नेतृत्वको हिसाबले हेर्दा दलित तथा अपांगता भएका मानिसहरुको कुनै पनि भातृसंगठनमा नेतृत्वदायी भूमिका देखिदैन । साथै दलहरुले एकरुपताका साथ महिला, दलित अपांगता भएका तथा सीमान्तकृत अल्पसंख्यकहरुको समावेशीकरणका लागि कुनै ठोस कदम वा निर्णय भने गरेको पाइदैन ।

आमरुपमा समावेशीकरणको कुरा चलिरहँदा नवलपरासीका दलहरुको बीचमा अहिले अत्यन्तै वहस र छलफलको विषय भने वन्ने गरेको छ । विभिन्न अन्तरक्रियात्मक कार्यक्रममा दलका नेता तथा भातृसंगठनमा क्रियाशील व्यक्तिहरुले खुलेरै समावेशीकरणको कुरा गरे पनि ती समुदायको प्रतिनिधित्व गर्ने व्यक्तिहरुले दलको कृयाकलाप र सोंचको खुलेर आलोचना गरेका छन् । लोकतान्त्रीकरण र समावेशीकरण नेपालका लागि सिद्धान्तमात्र भएको त्यो कुरा व्यवहारमा रुपान्तरण नभएको भनेर उनीहरुले आलोचना गरेका छन् र त्यसको जिम्मेवारी राजनीतिक दलले नै लिनु पर्ने कुरामा जोड पनि दिएको पाइयो । जसले गर्दा नवलपरासी जिल्लाका दलहरुको एक अन्तरक्रियाले **आगामि ५ बर्ष भित्रमा राजनीतिक रुपमा समावेशीकरण जिल्ला घोषणा गर्ने प्रतिवद्धताले थप आशा भने जगाएको छ ।**

दलहरुमै लोकतान्त्रीकरण र समावेशीकरण नभएमा राज्य लोकतन्त्र र समावेशीकरणमा पछाडि पर्ने र युगौं पछि जनआन्दोलनले ल्याएको लोकतान्त्रीकरणको संस्कार मौलाउन नपाउने भएको प्रति दलहरुका अगुवा सचेत भएको आभाष हुन थालेको छ । अझ भन्नु पर्दा जिल्लाका क्रियाशील राजनीतिक दलहरुमा समावेशी डेक्सको स्थापनाले त यस प्रक्रियालाई संस्थागत गर्न थप बल मिलेको देखिन्छ । सहमतिले जिल्लाका राजनीतिक दलहरुलाई अझबढी जिम्मेवार बनाउन तथा महिला, दलित, अपांगता भएका र सीमान्तकृत अल्पसंख्यक समूदायको सशक्तिकरणका लागि खेलेको यो भूमिका अत्यन्तै सराहनीय देखिन्छ ।

युगौदेखि राज्यको मूल प्रवाहबाट टाढा रहेका महिला, दलित, अपांगता भएका र सीमान्तकृत समूदायको क्षमता र पहुँच पुऱ्याउन समावेशीकरण प्रकृयालाई जिल्लास्तरमा मात्रै सिमित नराखी स्थानीय स्तरसम्म पुऱ्याउनु पर्ने कुरामा पनि दलहरुले सोच्नु पर्ने देखिन्छ । ती समूदायकाबीच सामाजिक, आर्थिक, राजनीतिक चेतना अभिबृद्धि गर्दै समाजका हरेक विकास निर्माणको कार्यमा समावेश गर्दै लैजानका लागि उनीहरुको शसक्तिकरण आजको आवश्यकता हो । ◆◆◆

# राजनैतिक दलहरु भित्रको लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढिकरणका अनुभवहरु

✍ सन्तोष कुमार पाण्डे
जिल्ला सदस्य, राष्ट्रिय प्रजातन्त्र पार्टी, नवलपरासी

यस नवलपरासी जिल्लाका राजनितिक दलहरुमा विगत एक वर्षदेखि चलिरहेको लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढिकरण परियोजना सहमति गैंडाकोट र आर.डि.आई.एफ. को साझेदारीमा सञ्चालित छ । जसले गर्दा नवलपरासी जिल्लाभित्रका राजनैतिक दलहरु कतिको लोकतान्त्रिक एवं समावेशीकरण रहेको छ भन्ने कुरा राजनैतिक दल लगायत नागरिक समाजका प्रतिनिधि, पत्रकार, सरोकारवालहरुलाई ज्ञान भएको छ । जुन अवस्थामा हाम्रो राजनितिक दल थियो त्यो पक्कै पनि पूर्णरुपमा लोकतान्त्रिक तथा समावेशी भएको थिएन । कागजमा जे जस्तो व्यवस्था र घोषणा भएता पनि व्यवहारमा भन्ने थिएन । यसको ज्ञान जब सबै राजनितिक दलहरुलाई भयो तबदेखि यसलाई कसरी सुधार गर्नेतर्फ जाने भन्ने चाहना सबै दलमा आयो र जसको श्रेय सहमति गैंडाकोट र आर.डि.आई.एफ. को साझेदारीमा सञ्चालित एस.डि.आई.पि.पि. परियोजनालाई दिन सकिन्छ । जसले लोकतान्त्रिक, समावेशी, अल्पसंख्यक र मानव अधिकार जस्तो विषयमा ५ दिने प्रशिक्षक प्रशिक्षण तालिम (TOT) कार्यक्रममा नवलपरासीका सबै राजनितिक दलका पदाधिकारीहरुलाई समावेश गरायो र किन राजनीतिक दलहरु भित्र समावेशी हुन सकेको छैन, के गर्दा सबै जाति वर्गहरुलाई समेटेर लैजाने सकिन्छ भन्ने विषयमाथि छलफल गरियो ।

वर्तमान समयमा नवलपरासी जिल्लाभित्रका सबै राजनितिक दलहरुमा लगभग समावेशी डेस्कको स्थापना भई सकेको छ र मेरो आफ्नै पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टीमा पनि समावेशी डेस्कको स्थापना भइसकेको छ । यस डेस्कले सबै क्षेत्रमा गएर आफ्ना पार्टीका साथीहरुलाई पार्टीका नीति, नियम र निर्णयमा समावेशी हुन पर्छ तथा राजनितिक दलमा पहुँच हुनको आवश्यकता महशुस गराई तिनीहरुलाई Grass level बाट नै समावेशी गराउँदै आएको छ । समावेशी डेस्क गठन भइसकेपछिका केही परिवर्तनहरु :

हाम्रो दलभित्र समावेशी डेस्क गठन भएपछि केही समितिहरुको पुनर्गठन भएको छ । जसमा समावेशी तरिकाबाट महिला, दलित, अपाङ्गता भएका र सीमान्तकृत अल्पसंख्यक लगायतका वर्गहरुलाई समेटने कार्य भएको छ । पहिला आर्थिक लेखाजोखा समितिका केही व्यक्तिलाई मात्र हुन्थ्यो भने अहिले सबै कार्य समितिलाई प्रत्येक ३ महिनामा आय व्यय को विवरण पेश गर्नु पर्छ । पहिला हाम्रो दलको काम काज एवं अभिलेखहरु रजिष्टरमा मात्र लेखेर राखिन्थ्यो भने अहिले सहमति/SDIPP परियोजनाबाट computer set प्राप्त भयो र कम्प्यूटरमा सबै अभिलेख राख्ने गर्दा दलको गोपनियता एवं अभिलेखिकरणमा सुधार आएको छ । यसरी पहिला भन्दा अहिले हाम्रो दलमा गुणात्मक एवं संरचनात्मक रुपमा सुधार भइसकेको छ । त्यस्तै मिति २०६९ कार्तिक २३ गते सहमति गैडाकोटको आयोजनामा सम्पन्न नागरिक सम्वाद कार्यक्रममा सहभागी सबै राजनितिक दलहरुले ८ बुँदे घोषणा पत्रमा हस्ताक्षर गरी प्रतिवद्धता जनाएका छौं । जसमा राजनितिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धतीको सुदृढीकरणका लागि नवलपरासी जिल्लाका महिला, दलित, अपाङ्गता भएका तथा सिमान्तकृत अल्पसंख्यक लगायत अन्य निर्णय प्रक्रियामा पहुँच नपुगेका समुदायको निर्णय प्रक्रियामा पहुँचको सुनिश्चतताका लागि अगामी दिनमा ८ बुँदे प्रतिवद्धताको मर्म अनुरुप अगाडि बढ्ने जानकारी गराउन चाहन्छु । जसले जिल्लालाई ५ वर्षभित्र राजनीतिक रुपमा समावेशीकरण जिल्ला घोषित हुनेमा आशावादी छौं । ◆◆◆



# लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम स्वास्थ्यको क्षेत्रमा

✍ पारेश्वर भूर्तेल
प्रमुख, देउराली उपस्थास्थ्य चौकी, नवलपरासी



सहमति, गैंडाकोटको सहकार्यमा सञ्चालित **'लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम'** यस देउराली गाविसमा पनि सञ्चालित छ । यसले विभिन्न क्षेत्रका अलवा स्वास्थ्यको क्षेत्रमा पनि काम गर्दछ । नेपाल सरकारले हाल आएर उपस्वास्थ्य चौकीको स्तरबाट प्रदान गरिने सबै सेवाहरु नि:शुल्क प्रदान गर्ने व्यवस्था गरेको छ । सामान्य बिरामी जाँच र उपचार, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व सेवा, क्षयरोग, कुष्ठरोग उपचार, खोप सेवा, पोषण सेवा आदि सेवा प्रदान गर्दै आइरहेको छ । नेपाल सरकारले यसमा प्रशस्त लगानी, कर्मचारीको व्यवस्था गरेको छ । तर जनचेतनाको कमी, भौगोलिक विकटता, प्रदान गरिने सेवाको स्पष्ट जानकारी नहुनु आदि कारणले नि:शुल्क स्वास्थ्य सेवाबाट धेरै जनता बञ्चित छन् । हाल आएर सेवा लिनेको संख्यामा वृद्धि त आएको छ तर यो सन्तोषजनक छैन । यसलाई प्रचारप्रसार गर्न यस लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमले ठूलो सहयोग गरेको छ । प्रत्येक वार्ड वार्डमा गएर स्वास्थ्यका विभिन्न सूचक बारे जानकारी गराउने र छलफल गर्ने कार्य समेत यस कार्यक्रमले गरेको छ । त्यति मात्र नभई स्वास्थ्य सेवा प्रदान गर्ने व्यक्तिको समेत परिचय गराई उनीहरुको भूमिका बारे स्पष्ट पार्ने काम गरेको छ । यसका अलवा यस कार्यक्रमद्वारा सञ्चालित सूचना केन्द्रहरुबाट समेत सम्बन्धित स्वास्थ्य सम्बन्धी जानकार व्यक्तिबाट स्वास्थ्य सम्बन्धी विषयवस्तुको बारेमा जानकारी गराउने कार्य गरेको छ । गाउँ गाउँमा स्वास्थ्य कार्यक्रम बारे प्रचारप्रसारको कमी महशुस गरिएका बेला लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमले धेरै ठूलो भूमिका निभाएको छ । तर पनि सिमित स्रोत, साधनबाट सञ्चालित कार्यक्रम भएको हुँदा अपेक्षित उपलब्धी शतप्रतिशत रुपमा हाँसिल गर्न नसकिएको हुन सक्छ । यसको लागि यस कार्यक्रमले आवश्यक थप स्रोत र साधनको व्यवस्था गरी प्रभावकारी व्यवस्थापन मार्फत गाविसका सम्पूर्ण वार्डहरु समेट्ने गरी कार्यक्रम ल्याउन सके अझ राम्रो हुने थियो ।

अन्तमा सहमति, गैंडाकोटद्वारा सञ्चालित लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमका संयोजक साथै यस कार्यक्रममा संलग्न सम्पूर्ण कर्मचारीहरुलाई धन्यवादका साथै यस कार्यक्रमको उत्तरोत्तर प्रगतिको शुभकामना । ◆◆◆

# तथ्याङ्कमा सहमति

| क्र. सं | कार्यक्रमको नाम | साझेदार संस्था | कार्यक्षेत्र | | लाभान्वित घरधुरी | लाभान्वित जनसंख्या | | | | | | कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जातियताको आधारमा | | | लिङ्ग र बर्षको आधारमा | | | | |
| | | | कार्यरत जिल्ला | कार्यक्रमले समेटेको गाविस | | दलित | जनजाति | अन्य | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| क) साझेदारी कार्यक्रम | | | | | | | | | | | | | |
| १ | समुन्नति कार्यक्रम | अक्सफाम हङ्कङ्ग | नवलपरासी कपिलवस्तु | नवलपरासी-७ कपिलवस्तु-१ | ३७८० | ५४० | ३७१५ | ६२० | ४,४०० | - | ४८७५ | ४ | ३ |
| २ | ग्रामीण युवा विकास कार्यक्रम | आबु इन्टरनेशनल | नवलपरासी | पहाडि भेगका ४ गा.वि.स. | १९०६ | ७५० | १११५२ | ६७० | ४९९८ | ५७८६ | १२५७२ | ७ | ८ |
| ३ | लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | प्लान नेपाल | सिन्धुली | २० गा.वि.स. | १५३८९ | ७९९९ | ४०९३८ | २३३९१ | ३७,३७७ | ३४,९५१ | ७२,३२८ | ७ | ६ |
| ४ | घरेलु सौर्य उर्जा प्रणालीका लागि कर्जा लगानी कार्यक्रम | वीनरक इन्टरनेशनल/एस. डेभलपमेन्ट बैंक | नवलपरासी, पाल्पा, तनहूँ, सल्यान, जाजरकोट | - | १०५५ | - | - | - | - | - | - | - | १ |
| ५ | लोकतन्त्र मजवुत बनाऔं कार्यक्रम | एक्सन एड नेपाल | नवलपरासी | नारायणी, देउराली, कुडिया र त्रिवेणी सुस्ता | ४,७४७ | २,६३६ | १७,७७१ | ६,११६ | १२,१०० | - | २६,५२३ | १४ | २ |
| ६ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | जिविस नवलपरासी | नवलपरासी | ७ गा.वि.स. | १६,३८२ | ९७८७ | ३६,०३० | ४६०३७ | ४६२०८ | - | ९१,८५४ | ५ | २ |
| ७ | शान्ति र सामुदायिक विकासका लागि स्थानीय प्रयास प्रवर्द्धन कार्यक्रम | जि.आई.जेट/एस.टि.पि.पि | सुर्खेत, मोरङ र सिन्धुली | ३ गाविस | ४२४३ | ३१७४ | १२६९६ | ९५८८ | - | - | २५,४५८ | | ४ |
| ८ | वेल्ट वार्ट भोलेन्टर कार्यक्रम | जि.आई.जेट | नवलपरासी | - | - | - | - | - | - | - | - | १ | - |
| ९ | दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम | प्लान नेपाल | बाग्लुङ्ग, म्याग्दी | १८ | ४४७८ | २९१५ | ४६८ | १२८७ | ४६७० | - | ४६७० | २३ | ७ |
| १० | नवलपरासी जिल्लाका राजनैतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धती सुदृढिकरण परियोजना | आर.डि.आई.एफ. | नवलपरासी | जिल्ला स्तरमा संचालित | - | ६३ | ६३ | १७७ | ७४ | - | ३०३ | १ | २ |
| ११ | अमिला(अष्तचगक) जातका फलफुलहरुको बजार प्रवर्द्धन परियोजना | लुथरन वल्ड रिलिफ | नवलपरासी | २ गाविस | २६१ | | १७०३ | - | २९ | - | १७०३ | २ | १ |
| १२ | शान्ति प्रबर्द्धन कार्यक्रम | जि.आई.जेट/एस.टि.पि.पि | पूर्व जनमुक्ति सेनाका २ शिविरको वरपरका समुदायमा | | १२,००० | - | - | - | - | - | - | केन्द्रबाट व्यवस्थापन | |
| १३ | जलबायु परिवर्तन सम्बन्धि कार्यक्रम | | नवलपरासी | २ गाविस | - | - | - | - | - | - | - | केन्द्रबाट व्यवस्थापन | |
| ख) केन्द्रिय कार्यालय | | आन्तरिक | नवलपरासी | - | - | - | - | - | - | - | - | १ | ८ |
| जम्मा | | | ११ जिल्ला | ६८ | ६४,२४१ | २७,८६४ | १,२४,५३६ | ८७,८८६ | १०,९८५६ | ४०,७३७ | २,४०,२८६ | ६५ | ४४ |

# कार्यक्रम गतिविधि

**सहमतिले आफ्ना कार्यक्रमहरूलाई २ कार्यगत विषयमा विभाजित गरेको छ ।**

विषयगत क्षेत्र-१ मा सामाजिक परिचालन र सामुदायिक विकास रहेको छ, जस अन्तर्गत निम्न कार्यक्रमहरु रहेका छन् ।

**समुन्नति कार्यक्रम नवलपरासी, कपिलवस्तु**

ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्धन (समुन्नति) कार्यक्रम गत सन् २००५ मार्च महिनादेखि शुरु भएको अक्सफाम हङ्कङ्गसँगको साझेदारीमा सञ्चालित कार्यक्रम हो । समुदायको सशक्तिकरणद्वारा संकटासन्नता न्यूनीकरण गर्दै दीगो जीविकोपार्जनमा सहयोग पुर्‍याउने, जसले गुणस्तरीय जीवन र समुदायको सम्पन्नतालाई आफ्नो लक्ष्य बनाएको छ ।

- नरम, अर्खला, जौवारी, भारतीपुर गरी ३0 भन्दा बढी कृषकद्वारा व्यवसायिक खेती शुरुवात भएको छ ।
- नरम, अर्खला, जौवारी, भारतीपुर, मुकुन्दपुर र देउराली गाविसको गाविसस्तरीय खाद्यसुरक्षा र जीविकोपार्जन सम्बन्धी योजना निर्माण भएको छ ।

- यस अवधिमा अर्खला, नरम, जौवारी, भारतीपुरमा गरी २२ बढी समूह जिल्ला कृषि तथा पशुसेवा कार्यालयमा दर्ता/सूचिकृत भएका छन् ।
- नयाँ प्रवर्धन भएका २ वटा सहकारी (नरम, अर्खला) मा ४५० शेयर सदस्य थप भएका छन् ।
- यसै अवधिमा नार्कसँगको सहकार्यमा १०० जना भन्दा बढी कृषक (भारतीपुर, अर्खलामा) द्वारा दालबाली नयाँ प्रविधि बारे जानकारी हाँसिल गरी २ वटा नमूना प्लटमा परीक्षण उत्पादन शुरु भएको छ ।

## लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

सहमति र प्लान नेपाल, सिन्धुलीद्वारा सञ्चालित लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सन् २०१० देखि सिन्धुलीको २० गा.वि.स.मा सञ्चालन गरिएको छ । यो कार्यक्रम ६ वर्षको मकवानपुर जिल्लाको सफल अनुभव र सिकाइलाई अझ व्यवहारिक र सुदृढीकरण गर्ने उद्देश्यले सिन्धुलीको पहाडी भेगमा रहेका ग्रामीण महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण, पारिवारीक, सांस्कृतिक विकास गरी समग्र गुणस्तरीय जीवनमा योगदान गर्दै ग्रामीण महिला समूह, सहकारीको संस्थागत क्षमता विकास गर्ने रहेको छ ।

- कार्यक्षेत्रका ४ वटा महिला बचत तथा ऋण सहकारी संस्थाहरुले सहकारीताको क्षेत्रमा नयाँ रेकर्ड बनाउँदै आफ्नो कार्यक्षेत्र गाउँ विकास समिति अन्तर्गतका शत प्रतिशत घरधुरी समेट्न सफल भएका छन् । यस कार्यको उच्च मूल्याकंन गर्दै सम्बन्धित गा.वि.स.बाट संयुक्तरुपमा **महिला बचत तथा ऋण सहकारी संस्थामा शत प्रतिशत घरधुरी आवद्धता घोषण सभा**को आयोजना गरी **सहकारी संस्था**हरु र सहयोगी संस्थाहरु **सहमति** र **प्लान नेपाल**लाई सम्मान गरिएको छ ।
- २० वटा महिला बचत तथा ऋण सहकारी संस्थाहरुमा यस अवधिमा १०२९ जना नया शेयर सदस्य बृद्धि भएका छन । हाल सम्म जम्मा १४४०५ जना शेयर सदस्यहरु रहेका छन् । महिला समूह स्तरमा यस अवधिमा ४५ वटा नयाँ समूहहरु वृद्धि भएका छन् जसमा ८३५ नया सदस्यहरु रहेका छन् । हाल सम्ममा ९१२ वटा समूह र १५३८५ जना सदस्य रहेका छन् ।
- यस अवधिमा सहकारीहरुमा रु ४१,०८,०००।– बृद्धि भई हाल सम्म जम्मा रु १,९२,०९००० । बचत संकलन भएको छ । त्यस्तै शेयर पुँजी रु १७,५३०००।– बृद्धि भई हाल सम्ममा रु १,१३,९६,०००।– पुगेको छ । गएको अवधिमा ४९७ जनाले ऋण प्राप्त गरेका छन् भने हाल लगानीमा रहेको ऋण संख्या ३८४२ रहेको छ ।
- सहकारीका क्षेत्रमा स्थानीय स्रोत व्यक्ति विकासका लागि जिल्ला बचत तथा ऋण सहकारी संघ सिन्धुली अन्तर्गतका २२ जना महिला सहकारी कर्मीहरुलाई सहकारीका क्षेत्रमा ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको छ ।
- कार्य क्षेत्रका तिन वटा युवा महिला संस्थाहरुलाई ३/३ दिने युवा महिला संस्था व्यवस्थापन तालिम प्रदान गरिएको छ । जसमा तिनवटा संस्थाहरुका ७० जना युवा महिलाहरुको हरुको संस्थागत व्यवस्थापनका क्षेत्रमा क्षमता विकास भएको छ ।

## लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम, नवलपरासी

समाजका सबै वर्गको सक्रिय र अर्थपूर्ण संलग्नतालाई सक्षम तुल्याउने, स्थानीय समुदायद्वारा अगुवाइमा गरिएको विकास मार्फत समावेशी स्थानीय लोकतन्त्रको प्रवर्द्धन गर्नु हो । एक्सन एड नेपाल तथा Danida HUGOU को संयुक्त लगानीमा यो परियोजना सञ्चालित छ ।

- सरकारी सेवाहरु, स्वास्थ्य सेवा, शिक्षा सेवा आदिको बारेमा कार्यक्षेत्रका ४ वटै गाविसमा विभिन्न एनिमेशन, भिडियो, पोष्टर, हातेपुस्तिका, स्रोत पुस्तिका आदि विधि र प्रक्रियाको मार्फतबाट समुदायमा सरकारी सेवा, स्वास्थ्य सेवा, शिक्षा सेवा आदिको बारेमा छलफलहरु गरी सेवाको सुधारका लागि समुदाय र सेवाप्रदायकबाट आपसी समन्वयमा प्रयासको थालनी हुनुका साथै सेवाको विषयमा समुदायको चासोमा वृद्धि भएको छ ।
- वडा नागरिक मञ्चहरुको सक्रियतामा सरकारी सेवामा सुधारका लागि स्वास्थ्य र शिक्षा सेवामा सुधारका लागि गाविस, समुदायस्तर र संयुक्त मूल्याङ्कन लगायतका सम्पूर्ण बैठकहरुमा आपसी सरसल्लाह सुझाव लिने र उहाँहरुको सक्रियतामा कार्यक्रमहरु सञ्चालन गरिएको जसका कारण गाविसका आम नागरिक र स्थानीय निकायहरुलाई वडा नागरिक मञ्चप्रतिको चासो बृद्धि भएको छ ।
- लोकतन्त्र बजबुत बनाऔं कार्यक्रमको उद्देश्य LGCDP कार्यक्रमलाई मजबुतिकरण गर्ने भएको कारण कार्यक्षेत्रमा सञ्चालित गाविसहरुमा LGCDP कार्यक्रमको बारेमा जानकारी लिने साथै दुबै कार्यक्रमद्वारा सञ्चालित क्रियाकलापहरुमा सहभागिता जनाउने कार्य निरन्तर रहेको छ ।
- जिल्ला विकास समिति नवलपरासीको सामाजिक परिचालन समितिका कार्यक्रम अधिकृत, LGCDP कार्यक्रमका जिल्ला संयोजकसँग निरन्तर सम्पर्क समन्वय जसमा LGCDP कार्यक्रम र कार्यक्रम के कसरी सञ्चालन भै रहेको छ भनी आपसी छलफल ।
- रिफ्लेक्ट केन्द्रका सदस्यहरुमा सामुहिक भावनाको विकास भई वस्ती सरसफाइका साथै चर्पी निर्माण गर्ने, वृक्षारोपण गर्ने, बाटो निर्माणका लागि पैसा उठाएर गिट्टी हाल्ने, नियमित बचत गर्ने, विभिन्न बैठकहरुमा सहभागिता, हुने आफ्नो राय राख्ने, विभिन्न समिति, उपसमितिमा रहन अग्रसरता देखाउने आदि कुराको विकास भएको छ ।

## ग्रामीण युवा विकास कार्यक्रम, नवलपरासी

सहमति र AWO International, Germany द्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम नवलपरासी जिल्लाको ४ वटा गा.वि.स.

मा जनवरी २००८ देखि निरन्तर रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमले ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्तिलाई परिचालन गरी गाउँको विकासमा अग्रणी भूमिका निभाउनको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य नेपालमा दिनानुदिन बढ्दै गइरहेको युवा जनशक्तिलाई क्षमता अभिवृद्धि गरी स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी ग्रामीण क्षेत्रका समुदायहरुको गुणस्तरीय जीवनमा पहुँच पुगोस् भन्ने रहेको छ ।

- ४ वटा सहकारी संस्थाहरु आत्मनिर्भर र स्वसम्पन्नतातर्फ उन्मुख हुदै आ–आफ्नो कारोवारमा वृद्धि गर्न सफल ।
- ४ वटा स्थानीय गैर सरकारी संस्थाहरु सामाजिक तथा आर्थिक विकास मार्फत समुदायमा परिचालित हुँदै जानु ।
- कार्यक्षेत्रका २२३ घरहरु व्यवसायिक खेतीतर्फ अग्रसर हुँदै ५३२५ सुन्तला र ३१० वटा कागतीका बिरुवा लगाउनु ।
- कार्यक्षेत्र गा.वि.स. अर्न्तगत परम्परागत खोरीया फडानी खेतीलाई कम गर्दू डाँडाभ्mेरी छरछरेका समुदायले ३ वटा समूह मार्फत करिब ९५ रोपनी पाखो जग्गामा २०००० वटा दालचिनीको बिरुवाका साथै डाँडाभ्mेरीकै रामकोट, गोठडाँडा, वोभ्mा तथा कोटथरको साठीमुरे र काफलडाँडाका ११७ घरधुरीले करिब १२५ रोपनी पाखो जग्गामा अम्रिसो वृक्षारोपण ।
- ४ वटा युवा सूचना केन्द्रहरुद्धारा आफ्नो सदस्यता विस्तार गर्दै कार्य क्षेत्रका युवाहरुलाई ९ वटा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रशिक्षण प्रदान जसले गर्दा बिस्तारै वैदेशिक रोजगार सुरक्षित बन्दै ।

## घरेलु सौर्य विद्युत प्रणालीका लागि कर्जा लगानी कार्यक्रम, नवलपरासी, सल्यान, तनहुँ, पाल्पा र जाजरकोट

सहमति, वीनरक इन्टरनेशनल र एश डेभलपमेण्ट बैंकको साझेदारीमा सन् २०१० देखि यो कार्यक्रम सञ्चालित छ । समुदायमा रहेका सहकारी संस्थाहरुको माध्यमबाट अति दुर्गम पहाडी भेगहरुमा सौर्य उर्जा जडान गरी ग्रामीण समुदायको कष्टकर जीवन पद्धतिलाई सरलीकरण गर्ने कार्यक्रमको उद्देश्य रहेको छ ।

- हालसम्म ९९९ घरधुरीमा सोलार जडान भइसकेको । विगतका दिनहरुमा जस्तो उक्त घरधुरीका सदस्यहरुले अन्धकारमा बस्नुपर्ने बाध्यतामा न्यूनीकरण ।
- धेरै विद्यार्थीहरु स्कूलमा मात्र पठनपाठन गर्ने गर्थे भने हाल सोलार जडान भएपछि राति पनि पढाई सञ्चालन भएको छ । साथै अभिभावकहरुमा आफ्ना छोराछोरीलाई स्कूल पठाउनुपर्छ भन्ने मानसिकताको विकास भएको ।
- सोलार जडानले आफ्नो जीविकोपार्जनको लागि रातीमा पनि विभिन्न सीपमूलक कार्यहरु जस्तै सिलाई, बुनाई, मुढा बुन्ने, अगरबत्ती बनाउने जस्ता कार्यहरुको सञ्चालन भएको ।
- आफ्नो गाउँ ठाउँको वित्तीय संस्था/सहकारीहरुमा सदस्य बन्ने, बचतको शुरुवात, ऋणमा पहुँच जसले गर्दा सामाजिक, आर्थिक स्तरमा सुधार भएको ।

## शान्ति र सामुदायिक विकासका लागि स्थानीय प्रयास प्रवर्द्धन कार्यक्रम, मोरङ, सिन्धुली र सुर्खेत

सहमति संस्था र GIZ/STPP संगको साझेदारीमा पूर्व जनमुक्ति सेनाका वरपर रहेका गाविसहरुमा सामुदायिक विकासको माध्यमवाट शान्ति प्रवर्द्धनमा सहयोग पुऱ्याउन शान्ति र सामुदायिक विकासका लागि स्थानीय प्रयास कार्यक्रम संचालन भएको छ । यो कार्यक्रम 1st september 2011 देखि मोरङ, सिन्धुली र सुर्खेत जिल्लाका क्रमशः टाँडी, रानीवास, दशरथपुर गाविसमा सञ्चालित भइरहेको छ ।

- समुदायस्तरमा भएका स्वावलम्बन प्रयासहरुको पहिचान एवं प्रवर्द्धनले स्थानीयस्तरका व्यक्तिले थोरै भएपनि आफ्नो जीविकोपार्जनमा सुधार ल्याउन सफल भएका । स्थानीयस्तरमा भएका सामुदायिक प्रयासहरु जस्तोः सिञ्चाई पोखरी, खानेपानी टंकी निर्माण, सिञ्चाई कूलो निर्माण, बाख्रापालनको लागि सुधारिएको खोर निर्माण र उन्नत, नश्ल जातका बाख्रापालनका विधिहरुले उनीहरुको जीविकोपार्जन प्रत्यक्ष सकारात्मक प्रभाव पारेको ।
- कार्यक्रमगत रुपमा निर्माण कार्यको पक्षलाई नियाल्दा ५८% स्थानीय स्रोत साधानको परिचालन भएको पाइन्छ जसमा समुदायको श्रमदान, नगद सहयोग, संघसंस्थाको सहयोग र जिविस/गाविसको योगदान रहेको छ भने अर्कोतर्फ परियोजनाले ४२% सहयोग गरेको छ । यसरी स्थानीय स्रोत साधनको उपयुक्त परिचालनले कार्यक्रमप्रतिको अपनत्व र दिगोपनालाई प्रष्ट पार्दछ ।
- परियोजनाद्वारा प्रवर्द्धन गरिएका ३ वटा स्थानीय सहयोगी संस्थाहरुको सामुदायिक विकासका कार्यहरुमा निरन्तर संलग्न भइरहेको । जसमध्ये स्थानीय सहयोगी संस्थाद्वारा स्थानीय निकाय गाविस, संघसंस्था, समुदायका व्यक्तिलाई स्थानीय स्रोत परिचालन र जीविकोपार्जन सुधारमा राम्रो भूमिका निभाउन सफल भएका छन् । त्यसैगरी स्थानीय तरकारी खेती प्रवर्द्धन केन्द्र खोलेर स्थानीय समूहका सदस्यहरुलाई शुलभ दरमा बिक्री वितरण गर्नु र अगुवा कृषक बनाउन सफल हुनु आफैंमा सराहनीय प्रयास हो ।
- स्थानीय सहयोगी संस्थाहरुमा निर्माणभएको ३ वर्षे रणनीतिक कार्ययोजना, तालिम, अवलोकन, भ्रमणले संस्थागत विकास र दिगोपनालाई बढावा दिएको ।
- ४० वटा स्वावलम्बी समूहहरुको क्षमता विकास र संस्थागत विकास हुनुका साथै स्वतन्त्र रुपमा स्थानीय स्रोत साधनको पहिचान एवं प्रवर्द्धन गरी विभिन्न बचत र ऋण, लगानीका क्रियाकलापहरु विशेष गरेर उत्पादनशील क्षेत्रमा लगानी हुनुका साथै महिला, दलित, जनजाति समुदायका व्यक्तिहरु प्रत्यक्ष लाभ पाउन सफल ।
- करेसाबारी प्रवर्द्धन सहयोग अन्तर्गत ताजा तरकारीले स्थानीय व्यक्तिको स्वास्थ्यमा राम्रो प्रभाव पर्नुका साथै आर्थिक रुपमा सुधार भएको । स्थानीयस्तरमा उत्पादनको बजार राम्रो हुनुले

उनीहरु ताजा, स्वच्छ तरकारी उत्पादनमा निकै उत्साही हुनुका साथै उक्त तरकारी स्थानीयस्तरमा बिक्री वितरण हुनाले उनीहरुको जीविकोपार्जनमा समेत सुधार आएको ।

### दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम, वाग्लुङ/म्याग्दी

सहमति र प्लान नेपालको साझेदारीमा बागलुङ जिल्लाको अधिकारीचौर, देविस्थान, खुङ्गा, मल्म, काँडेवास, नरेठाँटी, हटिया, दुदिलाभाटी, पैयूपाटा, अमलाचौर र नारायणस्थान गा.वि.स. र म्याग्दी जिल्लाको वरंजा ,सिहा, कुहुँ ,राखुपिप्ले, घतान, राखु भगवती र पुलाचौर गा.वि.स. गरी कुल १८ गा.वि.स.हरुमा दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम सन 2011 डिसेम्वरदेखि 2012 डिसेम्बरसम्मका लागि संचालन भएको छ । यस कार्यत्रमको मुख्य उद्देश्य बाग्लुङ्ग र म्याग्दी जिल्लाका दलित महिला तथा अपाङ्गता भएका परिवारका महिलाहरुलाई समूह तथा सहकारीमा आवद्ध गराई वित्तीय सेवामा पहुचँमा वृद्धि गरी उनिहरुको दिगो आयश्रोतको विकासमा सहयोग गर्ने रहेको छ ।

- २१९ वटा स्वावलम्बी महिला समूहहरुमा ४६७० महिलाहरु आवद्ध साथै रु. ८,५६,३५९/- बचत रकम ।
- २१२ दलित तथा १९ अपाङ्गता भएका परिवारका महिलाहरुले करेसाबारी, कृषि तथा पशुपालनसम्बन्धी सीप र ज्ञान प्राप्त ।
- तालिम पश्चात् तरकारी उत्पादन गरी समूहका सदस्यहरुबाट रु.५००/- देखि रु. ४,०००/- सम्मको तरकारी बिक्री ।
- तरकारी किनेर खानुपर्ने अवस्थामा कमी र पैसाको बचत जसले गर्दा समूहमा मासिक बचत गर्न सहयोग भएको ।
- समूहमा आवद्ध भए पश्चात महिलाहरु धक नमानी बोल्न सक्ने, सामाजिक कार्यक्रम र क्रियाकलापहरुमा (बाटोघाटो सरसफाई, खानेपानी मर्मत आदि) महिला सहभागिता बढेको ।

### स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, नवलपरासी

सहमति र जिविस नवलपरासीको साझेदारीमा सञ्चालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम २०६७ चैत्रबाट नवलपरासी जिल्लाको मुकुन्दपुर, अमरापुरी, रजहर, दिव्यपुरी, प्रगतिनगर, पिठौली र शिवमन्दिर गा.वि.स.हरुमा सञ्चालन भइरहेको छ ।

- प्रगतिनगर गाविस-९ स्थित सञ्चालित नागरिक सचेतना केन्द्र (CAC) मा ३९ जना महिला/पुरुषद्वारा मुढा बुन्ने तालिमको शुरुवात ।
- स्थानीयस्तरको विकासका कार्यक्रमहरुमा स्थानीय व्यक्तिहरुको सहभागितामा प्रभावकारी बनाउनका लागि गठित वडा नागरिक मञ्चले नै स्थानीयस्तरको योजना संकलनको र प्राथमिकरणमा सक्रियता ।
- अति विपन्नहरुको Reflect कक्षाहरुको स्थानीय लोकतन्त्र मजबुद हुँदै आएको ।
- योजना संकलन र प्राथमिकिकरण जनचासोको विषय बनेको ।

### नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढीकरण परियोजना

सहमति र RDIF को साझेदारीमा सञ्चालित “नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढीकरण परियोजना” जिल्लास्थित राष्ट्रिय मान्यता प्राप्त १३ वटा राजनैतिक दलहरुसँग हातेमालो गर्दै लोकतान्त्रिक एवं समावेशीकरण पद्धतिलाई अझ सुदृढीकरण गर्नु एवं अन्तरदलीय समन्वय वृद्धि गर्नुका साथै जिल्लास्थित चार मुख्य सामाजिक संयन्त्रहरु (महिला, दलित, अपाङ्गता भएका र सीमान्तकृत अल्पसंख्यक) लाई विभिन्न नेतृत्व विकास, पैरवी विकास र क्षमता अभिवृद्धिको माध्यमबाट उनीहरुको राजनीतिक सहभागितामा वृद्धि गर्नु रहेको छ ।

- परियोजनाद्वारा सञ्चालन गरेका विभिन्न तालिम, अन्तरक्रिया, गोष्ठी जस्ता क्रियाकलापले दलहरुभित्र नीतिगित तथा विधानको मर्म अनुरुप दलहरु लोकतान्त्रिक तथा समावेशीकरण पद्धतिको सुदृढीकरणको अभ्यासलाई व्यवहारमा उतार्न शुरु भएको ।
- राजनीतिक दलका जिल्ला कार्यसमिति अन्तर्गत विभिन्न विभागीय समितिहरुमा महिला, दलित, अपाङ्गता भएका तथा सीमान्तकृत अल्पसंख्यक समुदायको प्रतिनिधित्व गराउनु पर्दछ भन्ने भावानाको विकास भएकाले ति समुदायको राजनैतिक सहभागीतामा बृद्धि हुन सुरु भएको ।
- नवलपरासी जिल्लाका १२ वटा राजनीतिक दलहरुमा समावेशी डेस्को स्थापना भएको जसको प्रभावकारी सञ्चालनको लागि राजनीतिक दलमा १/१ वटा समावेशी उपसमिति गठन ।
- परियोजनाद्वारा प्रदान गरिएका विभिन्न भौतिक सामाग्री (कम्प्युटर, प्रिन्ट, फ्याक्स, टेवुल) मार्फत दलहरुभित्र संस्थागत विकासमा टेवा पुगेको ।
- विभिन्न तालिम, अन्तरक्रिया र सम्वाद कार्यक्रम साथै भौतिक सामाग्री सहयोग मार्फत राजनीतिक दलहरुको जिल्ला कार्यालय तथा नागरिक सामाजिक संस्थाहरुको संस्थागत विकासमा सहयोग ।
- जिल्लाका विभिन्न प्रमुख दलहरुले समावेशी डेस्कको पहलमा लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी प्रशिक्षण कार्यक्रमहरुको आयोजन गर्ने तथा विभिन्न आन्तरिक प्रशिक्षण कार्यक्रमा ति विषय वस्तुलाई पनि समावेश गराउन सुरुवात भएको ।

### अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन कार्यक्रम

“अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन परियोजना” नवलपरासी जिल्लाले सुन्तलाको पकेट क्षेत्र घोषणा गरेका २ गाविस (डाँडाझेरी र जौवारी) मा सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित परियोजना हो । यस परियोजनाको लक्ष्य डाँडाझेरी र जौवारी गाविसका सुन्तला उत्पादक किसानहरुको आम्दानी २०% ले वृद्धि गर्ने रहेको छ ।

- डाँडाझेरी गाविसमा १०० भन्दा बढी सुन्तला उत्पादक कृषक घरधुरी समूहमा आवद्ध ।
- दुई गाविसमा ८ वटा सुन्तला उत्पादक कृषक समूह निर्माण ।
- २ वटा शुन्य शक्ति सितभण्डारको निर्माण कार्य शुरु ।
- पश्चिम नेपालको सुन्तलाको Marketing Channel र Value Chain सम्बन्धी प्रतिवेदन उपलब्ध ।

### छोटा अवधिका कार्यक्रम

#### शान्ति प्रवर्द्धन कार्यक्रम

सहमति र जि.आई.जेड/एस.टि.पि.पि.को साझेदारीमा पूर्व जनमुक्ति सेनाका २ वटा शिविर (कैलाली र मकवानपुर) र त्यसको आसपासको क्षेत्रका समुदायको बीचमा मेलमिलाप, भावनात्मक सम्बन्ध, सांस्कृतिक सम्बन्ध स्थापनाको लागि शान्ति प्रवर्द्धन कार्यक्रम ९ जूलाई देखि ३१ अगष्ट,२०१२ सम्म सञ्चालन भएको थियो ।

- नि:शुल्क स्वास्थ्य शिविर र सांस्कृतिक आदानप्रदान कार्यक्रमले पूर्व जनमुक्ति सेना र स्थानीय समुदाय बीचमा विभिन्न अन्तरक्रिया, मित्रवतको व्यवहारले उनीहरुमा सुमधुर सम्बन्धको विकास हुनु ।
- २ जिल्लाका २,५४० व्यक्तिले निशुल्क स्वास्थ्य सेवा सम्बन्धी हेरचाह, सरसफाई, सुरक्षात्मक विधिहरुको ज्ञान प्राप्त गर्नुका साथै पूर्व जनमुक्ति सेनासँगको आत्मियता सहकार्यले उनीहरु बीचको सम्बन्ध अझ मजबुतिकरण भएको ।
- निशुल्क स्वास्थ्य शिविर र सांस्कृतिक कार्यक्रममा विभिन्न पक्ष (स्थानीय निकाय, स्वास्थ्य संस्था, संघसंस्था, स्थानीय व्यक्ति, पूर्व जनमुक्ति सेना) को सहभागीताले कार्यक्रमप्रतिको अपनत्व, प्रभावकारी र परिणाममुखी भएको

#### जलवायु परिवर्तन तथा अनुकूलन सम्बन्धी कार्यक्रम

**उद्देश्यहरु :**

- जिल्लास्तरमा जलवायु परिवर्तन र अनुकुलन सम्बन्धी सचेतीकरण गराउने ।
- जलवायु परिवर्तन अनुकूलनका प्राथमिकताहरुलाई सहयोग पुग्ने गरी स्थानीय गैरसरकारी निकायहरुलाई जलवायु परिवर्तन सम्बन्धी तालिम दिने ।
- जलवायु परिवर्तनमा कम गर्ने संस्थाहरुको संजाल विस्तार गर्ने ।
- कृषक समूहहरुमा जलवायु परिवर्तन र अनुकूलनको अवस्था बारे जनकारी दिने ।

#### केन्द्रीय कार्यालय गतिविधि

- केन्द्रीय कार्यक्रम व्यवस्थापकको पदमा संस्थाका संस्थापक सदस्य श्री अशोकराज पोखरेलको नियुक्ति ।
- Kopling Youth Exposure Trip-2012 अन्तर्गत जर्मनबाट पाल्नु भएका ९ जनाको समूहलाई संस्थागत रुपमा स्वागत, जानकारी र भ्रमण कार्यको लागि सहजीकरण गर्ने कार्य सम्पन्न ।
- वेल्टवाल्ट्स भोलिन्टियर कार्यक्रम अन्तर्गत २०११/०१२ को भोलिन्टियर Marius Wahlbrink लाई विदाई एवं अनुभव साटासाट कार्यक्रम सम्पन्न, त्यस्तै नयाँ भोलिन्टियरको रुपमा आउनु भएकी Christin Ernst लाई स्वागत कार्यक्रम सम्पन्न ।

#### सहमति अध्ययन केन्द्र

जम्मा तालिम संचालन दिन : ६७

कूल सहभागी : ४५० (महिला २००, पुरुष २५०)

सहभागी संघसंस्था : १० (राष्ट्रिय एवं अन्तर्राष्ट्रिय)

#### सहज स्वास्थ्य सहकारी संस्था लि., नवलपरासी

- जर्मन नागरिक डा. हेल्गाबाट सहज सामुदायिक अस्पतालमा असोज अन्तिम सातादेखि प्रसुति सेवा तथा महिलाहरुको पाठेघर, स्तन र थाइरोइडमा हुने क्यान्सरको पहिचान एवं रोकथामका बारेमा स्वास्थ्य सेवा प्रदान ।
- यस अस्पताललाई सक्षम, आत्मनिर्भर, सेवामुलक बनाउन ५१ शैयाको २४ घण्टे अस्पतालीय सेवा प्रदान गर्नको लागि अन्तिम स्वीकृतिको तयारीमा रहेको । जसको लागि आवश्यक कानूनी तथा भौतिक परीक्षण कार्य सम्पन्न । ◆◆◆

## हार्दिक बधाई

"अमिलो (Citrus) जातका फलफुलहरुको बजार प्रवर्द्धन परियोजना" का लागि श्री संगीता तिवारी कार्यक्रम संयोजक, सामुदायिक सहजकर्ताको लागि श्री जनक सुवेदी र उक्त कार्यक्रमको एकाउन्टेन्टका लागि श्री सीता भण्डारी, लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम, सिन्धुलीका लागि एकाउन्टेन्टको रुपमा श्री सुनिता पौडेल नियुक्ति हुनु भएकोमा हार्दिक बधाई तथा कार्यसफलताको शुभकामना ।

**सहमति परिवार**

## हार्दिक शुभकामना



Welwarts Volunteer कार्यक्रम अन्तर्गत २०१२/१३ को लागि जर्मनी Volunter Christin Ernst को कार्यसफलता तथा उत्तोरत्तर प्रगतिको हार्दिक शुभकामना ।

**अध्यक्ष, सहमति**

# स्वास्थ्य सेवामा सुधार कार्यक्रमले सेवामा पहुँच बृद्धि

**"लोकतन्त्र मजबुत बनाऔं"** कार्यक्रम विगत २० महिनादेखि नारायणी गाविसमा स्थानीय लोकतन्त्रलाई मजबुत बनाउनका लागि स्थानीय सेवाप्रदायक संस्थाहरुलाई सहभागितात्मक, जवाफदेही, उत्तरदायित्व र पारदर्शी बनाउनका विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । यसै क्रममा विगत केही महिनाबाट सरकारी सेवालाई गुणस्तरीय बनाउनका लागि समुदायिक अंकतालिका विधिको प्रयोगका कारण नारायणी गाविसका वासिन्दाहरु स्वास्थ्य सेवाप्रति चासो दिन थालेका छन् ।

गाविसका ९ वटै वडामा समुदायलाई भिडियो, एनिमेशन, पोष्टरको प्रयोग गरी सरकारी सेवा, स्वास्थ्य सेवा र स्वास्थ्य हेरचाहको विषयमा छलफल गरी स्थानीय सेवाको आफूले देखेको र भोगेको आधारमा यी विभिन्न कुराहरुको सुधार गर्नु पर्ने देखिन्छ भनी आधार छनौट गरी त्यही आधारलाई उपस्वास्थ्य चौकीका कर्मचारीहरुबाट थपघट पश्चात ९ वटै वडाका वासिन्दाले सामुदायिक अंक तालिका विधिको प्रयोगबाट अंक प्रदान गरी स्थानीय सेवाको मूल्याङ्कन गरेका छन् भने त्यही आधारलाई स्वास्थ्यका कर्मचारीहरुले पनि स्वमूल्याङ्कन गरी संयुक्त मूल्याङ्कनमा सेवाप्रदायक र सेवाग्राहीद्वारा आफ्नो मूल्याङ्कनलाई प्रस्तुत गरी सुधारका लागि कार्ययोजना बनाई त्यसको अनुगमन र मूल्याङ्कनका लागि ५ सदस्यीय समिति पनि गठन भएको छ । स्थानीय सेवाप्रदायकलाई जवाफदेही, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गराउनका लागि स्वास्थ्य सेवामा सुधार कार्यक्रम अति उत्तम र उत्कृष्ट रहेको र यसले सेवामा पहुँच बृद्धिका साथै स्वास्थ्य सेवाप्रति समुदायको चासोमा समेत बृद्धि गरेको छ भन्नु हुन्छ गाविस सचिव एवम् अध्यक्ष श्री यामप्रसाद भूषाल ।

स्वास्थ्य सेवामा सुधारका लागि सामुदायिक अंक तालिका विधिको प्रयोग गरी सेवालाई गुणस्तरीय बनाउनको लागि समुदायको र सेवाप्रदायकको पहल पश्चात अहिले स्वास्थ्य सेवामा सुधारको थालनी भैसकेको छ साथै अघिल्लो बर्षको तुलनामा स्वास्थ्य सेवा लिन आउनेहरुको भिड बढेको छ । पहिलो दिनमा १५ देखि १७ जना जति मात्र सेवा लिन आउँथे अहिले त दिनमा ३५ देखि ४० जना दैनिक आउँछन् भन्नु हुन्छ उप-स्वास्थ्य चौकी ईञ्चार्ज टोला भूर्तेल । पहिले उप-स्वास्थ्यको औषधीले सञ्चो हुँदैन भन्दथे त्यसकारण त्यत्ति आउँदैनथे अहिले त हेर्नुस् न सधैं यस्तै भिड लाग्छ, भिडलाई देखाउँदै भन्नु हुन्छ मासिका हेमकुमारी महतो, यो स्वास्थ्य सेवामा सुधार कार्यक्रमले गाविसभित्र रहेका पछाडी पारिएका समुदाय, दलित, जनजाती लगायत सबै वर्गलाई स्वास्थ्य सेवा र यसको महत्वका साथै

(बाँकी १४ औं पेजमा)

# लोकतान्त्रिक एवं समावेशीकरण पद्धतिको सुदृढीकरणतर्फ राजनितिक दलहरु

सधैंजसो र सबैठाउँमा लोकतन्त्र तथा समावेशीताको कुरा गर्ने राजनितिक दलहरु यतिवेला आफैभित्रको लोकतन्त्रिक अभ्यास एवं समावेशीकरण पद्धति को सुदृढिकरणका लागी अभ्यास मा लागेका छन् । नवलपरासीका राजनितिक दलहरुले आजकल राजनितिक दलभित्र समावेशीकरण नभएसम्म राज्यमा समवेशीकरण हुन नसक्ने तथा दलभित्र लोकतान्त्रिक अभ्यास बलियो नभए राज्यमा लोकतन्त्रिक संस्कारको विकास हुन नसक्ने कुरामा साझा बुझाइको विकास गर्न सफल भएका छन जसका लागि राजनितिक दलहरुले आ-आफ्ना दलका जिल्ला कार्यालयमा समावेशी डेस्कको स्थापना गरी काम शुरु गरेका छन् ।

सहमति गैंडाकोट तथा राज्य सवलीकरण कार्यक्रम अर्न्तगत अधिकार, लोकतन्त्र तथा समावेशीकरण कोषको साझेदारीमा संचालित नवलपरासी जिल्लाका राजनितिक दलहरुमा लोकतान्त्रिक तथा समावेशीकरण पद्धति सुदृढीकरण परियोजना विगत डिसेम्बर २०११ देखि लागू भएपछि नवलपरासी जिल्लाका विभिन्न राजनितिक दलहरुले आफ्नो दलभित्रको लोकतन्त्र तथा समावेशीकरणका बारेमा बहस तथा छलफल शुरु गरेका छन् । निरन्तरको छलफल तथा विशेषगरी परियोजनाको शुरुवातमा गरिएको सन्दर्भ विश्लेषण प्रतिवेदन सार्वजनिक भएपछि राजनीतिक दलहरुले यस किसिमको अभ्यासको सुरुवात गरेका हुन् । हालसम्म विभिन्न ११ वटा राजनितिक दलहरुले आ-आफ्ना जिल्ला कार्यससमिति अर्न्तत एक एक वटा समावेशी डेस्कको स्थापना गरेका छन् जसको लागि एउटा छुट्टै उपसमितिको गठन गरेका छन् । त्यस्ता समिति आफैमा समावेशी प्रकृतिका पनि छन् जसको फलस्वरुप प्राराम्भिक अवस्थामा केही महिला, दलित ,अपाङ्गता भएका तथा सिमान्तकृत अल्पसंख्क समुदायका मानिसहरुको दलहरुको जिल्ला कार्य समितिको पहुँचमा वृद्धि भएको छ । तिनै समावेशी डेस्कका माध्यमबाट आफ्नै दलभित्रको लोतान्त्रिक तथा समावेशीकरण पद्धति सुदृढीकरणका लागि विभिन्न प्रयासहरु थालेका छन् । यसै परियोजाना मार्फत् विभिन्न राजनितिक दलहरुका मूख्य पदमा रहेका नेताहरुलाई लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम दिइएको थियो तिनै मानवश्रोतलाई प्रयोग गर्दै समावेशी डेस्कको पहलमा दलहरुले आफ्ना कार्यकर्तालाई त्यस सम्बन्धी जनचेतनाको विकास गरी रहेका छन् ।

त्यस्तै लोकतान्त्रिक अभ्यासको लागि पनि केही दलहरुले राम्रा प्रयास थालेका छन । जसमा केही दलहरुले अबदेखि प्रत्येक ३ महिनामा कोषाध्यक्षले जिल्ला कार्यसमितिलाई आर्थिक प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने निर्णय गरेका छन् । त्यस्तै केही दलले सबै गाउँ इकाइ समितिहरुमा लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गर्ने निणर्य गरेका छन् । विशेष कार्यक्रम नै नलगेका दलहरुले पनि आफ्ना नियमित प्रशिक्षण कार्यक्रममा लोकतन्त्र तथा समावेशीकरण विषयले प्रवेश पाउन थालेको छ । ◆◆◆

# लोकतन्त्र मजबुतीकरणका लागि गरिएको प्रयासहरु

✍ आर.पी.उपाध्याय
पत्रकार, त्रिवेणीसुस्ता–६, नवलपरासी



लोकतन्त्रलाई मजबुत बनाउने र यसलाई स्थानीय जनता र निकायहरुमा संस्थागत गर्ने हेतुले नवलपरासी जिल्लामा लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम विगत २० महिनादेखि सञ्चालनमा आएको छ भने त्रिवेणीसुस्ता गाविस र कुडिया गाविसमा पनि विगत ८ महिनादेखि कार्यक्रम अगाडि बढेको छ । देश राजनैतिक अस्थिरताको संघारमा रहेको र स्थानीय निकायहरु जनप्रतिनिधि विहीन भएको अवस्थामा यो कार्यक्रम समय सान्दर्भिक रहेको छ ।

आम नागरिकलाई सरकारी निकायहरुमा पहुँच बृद्धि गर्ने, सरकारी सेवा, सुविधाको बारेमा जानकारी गराउने, स्थानीय निकायलाई जवाफदेही, पारदर्शी, उत्तरदायी बनाउँदै आम नागरिकहरु सरकारी सेवाहरुलाई गुणस्तरीय बनाउनको लागि सहभागी भई आम जनताको भावना बुझेर सेवाप्रदायकहरुले सेवा प्रदान गर्ने खालका क्रियाकलापहरु रहेको छन् । जसका कारण लोकतन्त्रलाई संस्थागत गर्न साथै यसको सुदृढीकरणमा कार्यक्रम अगाडि बढिरहेको छ ।

लोकतन्त्रलाई संस्थागत गर्न विद्यमान नीति, नियम र निर्देशिकाको आधारमा स्थानीय निकायमा सहभागितामूलक लोकतन्त्रको मजबुतीकरण कार्यक्रम मार्फत आम नागरिकको व्यवहारिक आवश्यकता पूरा गर्नका लागि विभिन्न क्रियाकलापहरु भइरहेका छन् । साथै गाविस भित्रका आम नागरिकहरु स्थानीय शासनमा सुशासन कायम गर्न तथा सेवा प्रदायहरुलाई जवाफदेही, उत्तरदायी बनाउँदै जनताको इच्छा शक्तिलाई आत्मसात गरी उनीहरुको भावनाको कदर स्वरुप आम जनताको चाहना बमोजिमको गुणस्तरीय सेवा प्रदान गर्न तत्पर गराउनका लागि सरकारी सेवामा सुधार कार्यक्रमले केही हदसम्म सेवाप्रदायकलाई जवाफदेही बनाएको पाइन्छ । साथै आम जनताले पनि सरकारी सेवाको सुधारका लागि चासो देखाउन थालेका छन् ।

विभिन्न भिडियो, एनिमेशन, पोष्टरहरुको प्रयोगद्वारा समुदायमा गरिएको सहजीकरणले साक्षर, निरक्षर सबैलाई सहजरुपमा बुझ्न सजिलो भएको छ भने त्यसलाई व्यवहारमा उतार्नको लागि पनि उनीहरुलाई सहजता भएको छ । साथै स्थानीय लोकतन्त्रलाई सुदृढीकरण गर्नका लागि गाविसभित्र रहेका अन्य संघ–संस्था र कार्यक्रमहरुसँग पनि सहकार्य गरी एउटै धारणालाई आत्मसात गर्दै यो कार्यक्रम अगाडि बढेको छ । विशेष गरी गरीब, दलित, सीमान्तीकृत, पछाडि पारिएको मानिसहरुको जीवनस्तरलाई उकास्ने र उनीहरुको स्थानीय निकायमा पहुँच बृद्धि गर्ने उद्देश्यलाई आत्मसात गर्दै यो कार्यक्रम नवलपरासीको तराई क्षेत्रमा विद्यमान परम्परागत धारणा, सोच, शैलीलाई विस्तारै हटाउँदै लोकतान्त्रिक परिपाटीको विकास गर्न यहाँका राजनैतिक दलहरु, स्थानीय निकायका कर्मचारी, संघसंस्था, पत्रकार, बुद्धिजीवी वर्ग, नागरिक समाज, महिला सञ्जाल र आम जनताहरुको सहकार्य समन्वय गरी सबैको सुझावलाई ग्रहण गर्दै स्थानीय लोकतन्त्रलाई मजबुतीकरण गर्नको लागि यो कार्यक्रम अगाडि बढेको छ ।

लोकतन्त्रलाई संस्थागत गर्न गरिएको प्रयासलाई पनि त्रिवेणीसुस्ता र कुडिया गाविसका सरकारी कार्यालयहरु, संघसंस्थाहरु, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी वर्ग, पत्रकार, महिला सञ्जाल, आम नागरिकहरुले यो कार्यक्रमलाई स्वागत गर्दै कार्यक्रममा सहभागी भई सहयोगको आदानप्रदान भएको देख्दा समेत यो कार्यक्रमप्रति आम जनताहरुमा चासो बृद्धि भएको कारण नै यस कार्यक्रम मार्फत गरिएको कार्यक्रमहरुमा सबैको सहभागिता हुने गरेको हो । फलस्वरुप कार्यक्रम सञ्चालनको केही समय भित्रमा नै नागरिकहरुको चेतनामा बृद्धि भएको, सरकारी सेवाहरु जफावदेही, उत्तरदायी भई सेवाको गुणस्तरलाई बृद्धि गर्न थालेको, जनताहरु विभिन्न समूह समितिमा सहभागी भई आफ्ना कुराहरु प्रष्ट राख्न सक्ने भएको पाइन्छ । ◆◆◆

## स्वास्थ्य सेवामा ...............................................

*उप–स्वास्थ्य चौकीमा पाइने सेवा, सुविधा र औषधिहरुको बारेमा थाहा पाइसकेपछि सधैं जसो विरामीहरुको भिंड लाग्न थालेको हो ।*

*पहिले त औषधीहरुको मितिको म्याद सकेर धेरै औषधीहरु नष्ट गर्नु पर्थ्यो, आज भोलि औषधीको माग अत्याधिक बढेको छ । पहिले धेरै बिरामी न आएर बोर लाग्ने जाडोमा घाम ताप्ने बस्ने मात्र हुन्थ्यो अहिले भ्याई नभ्याई छ, उपस्वास्थ्य चौकीमा स्वयंसेविकाको रुपमा काम गर्दै आएको स्थानीय सरिता चौधरी भन्नुहुन्छ । सहमतिद्वारा सञ्चालित लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमले गाविसका आम नागरिकलाई सरकारी सेवा के हो ? स्वास्थ्य, शिक्षा र कृषि सेवाको बारेमा जानकारी गराई सेवामा पहुँच बृद्धि गराएको छ । साथै स्थानीय निकायहरुलाई जवाफदेही, पारदर्शी बनाउनका लागि पनि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ जसका कारण आम नागरिकमा सेवालाई गुणस्तरीय बनाउनका लागि अग्रसरता लिने थालनीको विकास भएको छ भने सेवाप्रदायकहरु पनि आम जनताको भावनालाई मध्यनजर गर्दै सेवामा सुधार गर्ने क्रम बढेको छ भन्नु हुन्छ, वडा नं. ५ का वडा नागरिक मञ्च संयोजक, चोम नारायण महतो । ◆◆◆*

# लोकतन्त्र र सिकाई पद्धति

✍ अशोकराज पोखरेल
केन्द्रीय कार्यक्रम प्रबन्धक, सहमति



नागरिकद्वारा नागरिकको न्याय, समानता र समुन्नतिका निम्ति अवलम्बन गरिने शासन व्यवस्था लोकतन्त्र हो । लोकतन्त्र न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका लगायतका संस्थाहरुको प्रावधान मात्र नभई विभिन्न तहमा रहेका आवाजविहीन नागरिकको आवाज सुनिने जिम्मेवार तथा जवाफदेही व्यवस्था हो । लोकतन्त्रमा सार्वजनिक नीति निर्माण, विकास कार्यक्रम तर्जुमा तथा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सबै चरणमा नागरिकको सहभागिता सुनिश्चित गरिएको हुन्छ । लोकतन्त्रमा न्यायपूर्ण तथा असल राजनीतिक अभ्यास अपेक्षाकृत हुन्छ, जसमा बहुमतको शासनका साथै अल्पसंख्यकको अधिकारलाई सुनिश्चित गरेको हुन्छ ।

यद्यपि हाम्रो लोकतन्त्र वास्तविक अर्थमा लोकतन्त्र हुन सकेन । मनपरीतन्त्र भयो । जे गरे पनि हुने केही नगरेपनि हुने । न यहाँ जवाफदेहिता छ, न त जिम्मेवारी बोध नै । हामीले नेतालाई दोष दियौं । नेताले पार्टीलाई दोष दिए । पार्टीले जनतालाई दोष दिए । एकले अर्कालाई दोषारोपण गर्‍यौं । हात लाग्यो शुन्य । एकपटक फर्कर हेरौं । यसको दोष कसमा छ ? कतै तपाई हामीमा त छैन ? हाम्रो समाज, संस्कार र प्रवृत्तिमा यस्तै कुरा पो छन् कि ? कतै हाम्रो सिकाई पद्दति, शिक्षक, अभिभावक, अधिकारी नै यसका जिम्मेवार हुन् कि ?

एकछिन हाम्रो परम्परागत शिक्षण शैलीको बारे विचार गरौं । विद्यालयमा विद्यार्थीहरुले के सिके? घोकतन्त्र, विभेदतन्त्र, दण्डतन्त्र ? वा अरु केही ? पढ्न कमजोर, अपाङ्गता भएका, आर्थिक तथा सामाजिक रुपमा कमजोर बालबालिकाहरुलाई शिक्षकले कक्षाकोठामा सधैं पछाडि राखिएको देखे । जान्नेलाई जहिले पनि अघि राखे, ऊनीहरुलाई पढाए । अरुलाई आफ्नै हालतमा छोडिदिए । जान्नेलाई काखा नजान्नेलाई पाखा, के यही होइन त विभेद ? सहभागिताको कुरा कहिल्यै भएन । शिक्षक आफूमै केन्द्रित भए, विद्यार्थीको रुचि र क्षमताको मतलब गरिएन । शिक्षकले चाहेको जस्तो नभएमा अनुशासनको नाममा विद्यार्थी दण्डित भए । कसैले लट्ठी खाए, कसैले कुखुरा बने । शिक्षकले के पढाउदै छु बताएनन्, किताबको पेज पल्टाउन मात्र सिकाए । घोकाए, सुगालाई रटाए जस्तो । घोक्न जान्ने प्रथम भयो नजान्ने फेल । फेल हुने अपमानित भए । कक्षाबाट कुलेलम ठोके । कक्षा एकमा सयजना भर्ना भएका पाँचकक्षासम्म पुग्दा बीसजना रहे । अरु सबै कहां गए ? कस्ले कस्लाई जवाफ दिने ? सोध्न आउने पनि को ? कोही आएमा अभिभावकलाई दोष दिंदा भयो । हुन त अभिभावक पनि दुईचार जना सफल विद्यार्थीको उदाहरण दिंदा पुग्यो । जवाफदेहिता रहेन । न त समानता, सहभागीता वा पारदर्शिता नै रह्यो । विद्यार्थीले यही सिके । यिनै विद्यार्थी पछि कर्मचारी, नेता वा अरुथोक भए । यिनैले पार्टी हाँके । यिनले जे सिके । त्यही गरे ।

यद्यपि आश लाग्दो अवस्था पनि छ । बर्दिया, कपिलवस्तु, कैलाली लगायतका नेपालका केही जिल्लाका केही विद्यालयहरुमा बालकेन्द्रित सिकाई पद्दति अवलम्बन गरिएको छ । यहाँ शिक्षक सहजकर्ता हुन्छन् । यहाँ दण्ड हुँदैन, प्रोत्साहन हुन्छ । विद्यार्थी आफैले नियमित क्रियाकलाप सञ्चालन गर्दछन् । शिक्षकले आफूले गराउने छलफलको बारेमा कक्षा आरम्भमा नै जानकारी गराउँदछन् । सबैको समान तथा सक्रिय सहभागिता हुन्छ । बालबालिकाहरु खेल्दै, नाच्दै, गाउँदै सिक्दछन् । बालमनोवृत्तिलाई ध्यान दिइन्छ । ऊनीहरुको रुचि, क्षमता र आवश्यकतालाई हेरिन्छ । ऊनीहरुको निरन्तर मूल्याङ्कन गरिन्छ । कमजोर विद्यार्थीलाई सिक्न थप हौसला दिइन्छ । प्रत्येक महिना अभिभावकसँग बालबालिकाको पढाईको बारेमा छलफल हुन्छ । अभिभावकहरुमा आफ्ना बालबालिकालाई सफा सुग्घर बनाउने र पढाइमा सहयोग गर्ने जिम्मेवारी बोध छ । विद्यालयमा शिक्षकको नियमित उपस्थितिका लागि अभिभावक प्रश्न गर्दछन् । विद्यार्थीको क्षमता तथा सिकाई उपलब्धी बढेको छ । विद्यार्थीको सिकाई उपलब्धिप्रति शिक्षक र विद्यालय जवाफदेही हुँदैछन् । आशा गरौं, सानैदेखि लोकतान्त्रिक संस्कृति विकसित भएको खण्डमा हाम्रो लोकतन्त्र मजबुत हुन्छ कि ! ◆◆◆

**हरेक क्षेत्रमा पारदर्शिता, जवाफदेहिता, दूरदर्शिता र सहभागिता : यिनै हुन् सुशासनका मूल मान्यता ।**



# नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धती सुदृढीकरण परियोजना (एस.डि.आई.पि.पि.) र लोकतन्त्र मजबुत बनऔं कार्यक्रमका झलकहरु

## घोषणा पत्र

आज मिति २०६९ कार्तिक २३ गते तद् अनुसार November 8,2012 मा सहमति गैंडाकोटको आयोजना र सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्जको सहकार्यमामा सम्पन्न **नागरीक सम्वाद कार्यक्रम** मार्फत हामी तपसीलमा उल्लेखीत राजनितिक दलहरुले लोकतान्त्रिक एवं ,समावेशीकरण पद्धति को सुदृढिकरणका लागी नवलपरासी जिल्लाका महिला,दलित, अपाङ्गताभएका तथा सिमान्तकृत अल्पसंख्यक लगायत अन्य निर्णय प्रक्रीयामा पहुँच नपुगेका समुदायको निर्णय प्रक्रियामा पहुँच को श-ुनिश्चितताका लागी आगामी दिनमा निम्नानुसारका प्रतिबद्धताका साथमा संयुक्त रुपमा अगाडी बढ्ने प्रतिबद्धता सहित यो **घोषण पत्र** जारी गर्दछौ ।

१. नवलपरासी जिल्लाका महिला,दलित, अपाङ्गताभएका तथा सिमान्तकृत अल्पसंख्यक लगायत अन्य पछाडी पारीएका समुदायको निर्णय प्रक्रियामा पहुँच बृद्धिका लागी सम्पूर्ण क्रीयाशील राजनितिक दलहरु ले समन्वयात्मक हिसावले पहल गर्ने।

२ जिल्ला तथा गाँउस्तरमा बन्ने समितिहरुमा सबै राजनितिक दलहरुको आपसी समन्वयमा महिला, दलित ,अपाङ्गता भएका तथा सिमान्तकृत अल्पसंख्यक समुदाय लगायत निर्णय प्रक्रीयामा पहुँच नपुगेका समुदायका व्यक्तीहरु सहभागी गराउनका लागी पहल गर्ने र त्यस्ता समितिमा दलका तर्फबाट प्रतिनिधि पठाउँदा समावेशी तरीका बाट पठाउने ।

३. जिल्ला बिकास समितिको २० औं जिल्ला परिषदबाट राष्ट्रिय मान्यताप्राप्त राजनितिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढ गराउनका लागी बिभिन्न निकायहरुसँग समन्वय गर्दै अगाडी बढ्ने निति लिएकामा आगामी दिनमा उक्त निति अनुरुपका सबै दलको आपसी समन्वयमा जिल्लाविकास समिति मार्फत उल्लेखीत समुदायको शसक्तीकरणका लागी गाँउ गाँउसम्म बिभिन्न कार्यक्रमहरु ल्याउने।

४. उल्लेखित समुदायको राजनैतिक सहभागीतामा बृद्धि गराउनका लागि दलका आ आफ्नो सिद्धान्त प्रति आस्थाराख्ने ब्यक्तीहरुलाई दलमा सदस्यता लिन सदस्यता पद्धतिलाई दलको विधानसंम्वत खुकुलो बनाई वा बिशेष ब्यवस्था गरी सदस्यताका लागी प्रोत्साहीत गर्ने ।

५. राजनितिक दलहरुका आर्थिक शुशासनका सन्देशस्वरुप नवलपरासी जिल्लाका राजनितिक दलरुले आगामी दिनमा संयुक्तरुपमा वा छुट्टाछुट्टै कम्तीमा बर्षको एकपटक आय व्यय सार्वजनिक गर्ने ।

६. नवलपरासी जिल्लाका अधिकांश राजनितिक दलका जिल्ला कार्यालयहरुमा समावेशी डेस्कको स्थापना भईसकेको र केहि दलमा स्थापना हुने क्रममा रहेकोले दलहरुको आपसी समन्वयमा आ आफ्ना दलभित्रका समावेशी डेस्क मार्फत आ आफ्ना गाउँ स्तरका कमिटिमा लोकतन्त्र तथा समावेशीकरण सम्वन्धि प्रशिक्षण कार्यक्रमलाई अभियानको रुपमा लैजाने ।

७. नेपाल सरकारको प्रावधान अनुसार जिल्ला विकास समितिको कार्यालय अर्न्तगतका महिला,दलित तथा अन्य सिमान्तकृतअल्पसंख्यक समुदायको साझा संयन्त्रहरुलाई सक्रिय गराई महिला दलित तथा सिमान्तकृत अल्पसंख्यक समुदायको शसक्तीकरण मार्फत त्यस्ता समूदायको राजनैतिक सहभागीतामा बृद्धि गर्ने ।

८. नवलपरासी जिल्लाका सबै राजनितिक दलहरु मिलेर आगामी ५ बर्ष भित्र नवलपरासी जिल्लालाई राजनितिक रुपमा समावेशी जिल्ला घोषण गर्ने ।

| | | |
|---|---|---|
| शिव कुमार यादव | जि.सदस्य | ए. ने.क.पा. माओवादी,नवलपरासी |
| दिप प्रकाश लोहनि | उपसभापति | नेपाली काँग्रेस, नवलपरासी |
| तिलक महत | अध्यक्ष | ने.क.पा. एमाले, नवलपरासी |
| शुवास चन्द्र गिरी | अध्यक्ष | मधेशी जनाधिकार फोरम नेपाल, लोकतान्त्रिक |
| धरेन्द्र यादव | अध्यक्ष | मधेशी जनाधीकार फोरम नेपाल |
| पुरन चौधरी | सचिव | त.म.लो.पा,नवलपरासी |
| विजय अग्रहरी | अध्यक्ष | सद्भावना पार्टी, नवलपरासी |
| सन्तोष पाण्डे | जि.सदस्य | राष्ट्रीय प्रजातन्त्र पार्टी, नवलपरासी |
| यम बहादुर शाही | सचिव | ने.क.पा. माले, नवलपरासी |
| नर बाहादुर ठाडा | अध्यक्ष | राष्ट्रीय जनमुक्ती पार्टी नवलपरासी |
| मुकुर्जि गिरी | अध्यक्ष | त.म.लो.पा. नेपाल, नवलपरासी |
| बिन्दा थारु | सदस्य | मधेशी जनाधिकार फोरम(गणतान्त्रिक) |
| [illegible] सहनी | सदस्य | तमलोपा - नेपाल नवलपरासी |
| शिव पुजन गुप्ता | कोषाध्यक्ष | सद्भावना पार्टी |

५ वर्षभित्र नवलपरासी जिल्लालाई राजनीतिक रुपमा समावेशीकरण जिल्ला घोषणा गर्ने प्रतिवद्धता जाहेर गर्दै राजनीतिक दलका प्रतिनिधिहरु



अन्तरक्रिया कार्यक्रमका सहजिकरण गर्दै सञ्चारकर्मी



परियोजान समन्वय वैठकको सहजिकरण गर्दै क्षेत्रीय कार्यक्रम संयोजक




सवालगत अन्तरक्रिया कार्यक्रमका आफ्नो भनाई राख्दै महिला सहभागी



शिक्षा सेवामा सुधारका लागि संयुक्त मूल्याङ्कन कार्यक्रममा जिल्ला शिक्षा अधिकारीद्वारा मन्तव्य राख्दै ।



स्वास्थ्य सेवाको सुधारका लागि समुदायस्तरबाट सेवाप्रदायकको सामुदायिक अंक तालिका विधिको प्रयोगबाट मूल्याङ्कन ।



औठा छाप हटाउ अभियान अन्तर्गत रिफ्लेक्ट केन्द्रका सबै सदस्यहरुलाई नाम लेख्न सिकाईदै ।

प्रेषक

**सहमति**
गैंडाकोट–८ नवलपरासी
फोन नं.: ०५६-५०२०९०
E-mail:sahamati@wlink.com.np
Website : www.sahamati.org

प्रापक

टिकट